'टिम्स' लाई व्यवस्थित र प्रभावकारी बनाइन्छ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ८८ • २०७९ साल साउन ३१ गते मंगलबार (16 August, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## स्थानीय तह निर्वाचनका सत्तरी प्रतिशत उम्मेदवारले बुझाएनन् खर्च विवरण

काठमाण्डु । स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका करिब ७० प्रतिशत उम्मेदवारले नै आफूले बुझाउनुपर्ने खर्च विवरण बुझाएका छैनन् ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (१) र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) मा निर्वाचन खर्चको विवरण सम्बन्धित दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भर्पाईसहित तोकिएको कार्यालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।

आयोग विवरण प्राप्त नभएका उम्मेदवारहरु अधिक देखिएकाले त्यसबारे अध्ययन पूरा भएपछि आयोगले कारबाहीबारे चाँडै निर्णय गर्ने जनाएको छ । ढिला गरी पेस हुन आएको खर्च विवरण पनि स्वीकार नगरिने भएको छ । आयोगले विजयी र पराजितमध्ये कति उम्मेदवारले खर्च विवरण बुझाए या नबुझाएको विवरणसमेत तयार गरिरहेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (२) मा कुनै राजनीतिक दल वा उम्मेदवारले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेस नगरेमा वा त्यसरी पेस भएको विवरणमा सोही दफाको उपदफा (२) बमोजिम लेखापरीक्षण हुँदा लेखापरीक्षकको परीक्षणका आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था छ । यसरी जरिवानाको कारबाही भएका व्यक्ति आउँदो निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित हुनेछन् ।

निर्वाचनको प्रचारप्रसारका क्रममा भएको सम्पूर्ण खर्चको विवरण सो ऐनको अनुसूची-३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ । गत स्थानीय तहको निर्वाचनको मत परिणाम ढिलाइका कारण काठमाडौँ महानगरपालिकाको परिणाम गत जेठ १२ गते घोषणा भएको थियो । त्यसको एक महिनाका हिसाबले असार १२ गते उम्मेदवारहरुले खर्च विवरण बुझाउनुपर्ने हुन्छ । त्यसभन्दा अघि मत परिणाम घोषणा भएका स्थानीय तहमा सोही मितिले ३० दिनभित्र उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुनेछ ।

आयोगले गत असार ८ गते विज्ञप्ति जारी गरी खर्च विवरण बुझाउने र नबुझाउने उम्मेदवारको अलगअलग विवरण तयार गरी आवश्यक कारबाहीका लागि सिफारिस गर्न सबै जिल्ला र प्रदेश निर्वाचन कार्यालयलाई निर्देशन दिएको थियो ।

आयोगले स्थानीय तह निर्वाचनकालागिमहानगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्च सीमा सात लाख ५० हजार र उपमहानगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्चसीमा पाँच लाख ५० हजार तोकेको थियो । यस्तै नगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारले चार लाख ५० हजार र गाउँपालिका प्रमुख/उपप्रमुखका उम्मेदवारले तीन लाख ५० हजार खर्च गर्न पाउने गरी तोकिएको थियो । सोहीअनुसार वडाध्यक्ष, सदस्य र जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखका उम्मेदवारको पनि खर्चसीमा तोकिएको थियो ।

## राष्ट्रपति एमालेका कार्यकर्ता : अध्यक्ष यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता पठाएर आफैमाथि अविश्वासको बातावरण सृजना गरेको बताएका छन् ।

जनकपुरधाममा सोमबार आयोजित पिछडा वर्ग महासंघको मधेश प्रदेश भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले ओली सरकारले यही व्यहोराको अध्यादेश ल्याउदा तत्कालै प्रमाणीकरण गरेको राष्ट्रपतिले संसदबाट पास विधेयक फिर्ता गर्नुले उहाँ मुलुकको राष्ट्रपति हो की एमालेको कार्यकर्ता भनि अविश्वासको बातावरण बनेको बताए ।

उनले भने-' यस्तै व्यहोराको अध्यादेश ओली सरकारले ल्याउदा के विना पढि कनै प्रमाणीकरण गर्नु भएको थियो । होइन भने उनको यस कदमले उनी माथि नै प्रश्न उब्जाएको छ । उनले राष्ट्रपतिको रुपमा नभइ एमालेको कार्यकर्ताको रुपमा फिर्ता पठाउनु भएको हो जस्तो आम नागरिकले बुझेका छन् ।' एमालेका नेता कार्यकर्ताको प्रभावमा परेकी राष्ट्रपति सम्पूर्ण देशवासीको हो कि एमालेको हो बुझ्न गाह्रो भएको भन्दै अध्यक्ष यादवले राष्ट्रपतिमा निर्वाचित भएदेखीनै एमालेको इसारामा काम गर्ने भएकाले सम्पूर्ण देशवासीको राष्ट्रपति नरहेको भन्दै आलोचना समेत गरेका थिए ।

नागरिकता विहिनी नेपाली नागरिकका लाखौ सन्तानहरुलाई नागरिकता उपलब्ध गराउने उद्देश्यले ल्याइएको विधेयक फिर्ता हुनुले मुलुकमा ठुलो षडयन्त्रको गन्ध आउन थालेको उनले टिप्पणी गरेका थिए । राष्ट्रपतिले फिर्ता पठाउदै विधेयक निष्कृय नहुने दावी गर्दै अध्यक्ष यादवले चाडै पुनः प्रतिनिधिसभा र राष्ट्रिय सभा बाट पारित गरेर पुनः विधेयक पठाउने प्रतिबद्धता समेत जनाए । सदनमा एमाले बाहेक अन्य दलले सर्वसम्मतवाट नागरिकता विधेयक बहुमतले पारित गरेको र त्यसलाई एमालेको इसारामा प्रमाणीकरण नगर्नु दुःखद रहेको उनको भनाई थियो ।

कुनै पनि नागरिकलाई नागरिकताबाट बञ्चित नगरिने भनि संविधानले नै सुनिश्चित गरी सकेकोले नेपाली नागरिकका सन्तानहरुलाई नागरिकताबाट वञ्चित गर्ने प्रपञ्च गरिए जसपा सडक र सदन दुबै ठाँउमा आन्दोलनको आँधी बहेरी ल्याउने चेतावनी समेत दिए ।



## नागरिकता विधेयक पारित गराउन लोसपाको माग

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिकता विधेयक प्रतिनिधिसभामा फिर्ता गर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको कदमप्रतिलोकतान्त्रिकसमाजवादी पार्टीले असन्तुष्टि जनाएको छ । साथै उक्त पार्टीले नागरिकता विधेयकलाई अबिलम्ब पारित गराउन सरकारसँग माग गरेको छ ।



पार्टीका अध्यक्ष महन्थ ठाकुरले विज्ञप्ति जारी गर्दै नागरिकता विधेयक फिर्ता गर्दा झन् बढी जटिलता आउने खतरा औंल्याएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'नागरिकताको अभावमा लाखौं नेपाली नागरिक राज्य विहीनताको अवस्थामा रहेको, उच्च शिक्षा हासिल गर्ने देखि रोजीरोटीको समस्या, नोकरी, व्यापार- व्यवसायको समस्या, विदेश भ्रमण, वैदेशिक रोजगार, मतदानलगायतको दैनिक समस्याबाट समेत दिनानुदिन सामना गर्नुपरिरहेको अवस्थामा नागरिकता विधेयक राष्ट्रपतिबाट फिर्ता गरिएकोमा झन् बढी जटिलता थपिएको छ ।'

राष्ट्रपतिको कदमबाट मधेश लगायत देशका विभिन्न भागमा रहेका नागरिक चिन्तित र निराश भएको अध्यक्ष ठाकुरले बताएका छन् । नागरिकताको समस्या बेलामा समाधान नभए असन्तुष्टि बढ्दै जाने र त्यसले समस्या थपिँदै जाने लोसपाले उल्लेख गरेको छ ।

## नागरिक विधेयक प्रमाणीकरण गर्न माग
## मधेशमा राष्ट्रपति विरोध सहित पुतला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरि फिर्ता पठाएपछि मधेशमा आन्दोलन तथा विरोध शुरु भएको छ । राष्ट्रपति भण्डारीले विधेयकमाथि थप छलफलको खाँचो रहेको भन्दै विधेयक फिर्ता गरेकी थिइन् ।

जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को अथक प्रयास पछि नागरिकता विधेयक प्रतिनिधिसभा र प्रदेश सभावाट पारित भइ राष्ट्रपति समक्ष प्रमाणीकरणकालागि पठाइएको थियो । प्रमाणीकरण गर्नकालागि १५ दिनको समयसीमा हुन्छ तर १३ दिनमानै राष्ट्रपतिले सो विधेयक पिर्ता गरेपछि मधेशमा आन्दोलनको विगुल फुकिएको छ ।



राष्ट्रपति भण्डारी नेकपा एमालेको कार्यकर्ता रहेको भन्दै जसपा र लोसपाका नेताहरुले मधेशका विभिन्न जिल्लाहरुमा विरोध सहित पुतला दहन सम्मको कार्यक्रम सम्पन्न गरेको छ । जनकपुरधाममा सोमबार जसपा र लोसपा दुवै दलका नेता कार्यकर्ताहरु राष्ट्रपति भण्डारीको पुतला दहन गरेका छन् भने मधेशका अन्य जिल्लाहरुमा समेत विरोध गरिएको छ ।

हुनत नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एसले पनि विभिन्न माध्ययमवाट विरोध जनाएका छन् तर, जसपा र लोसपा सडकमा ओर्लेको छ । राष्ट्रपतिले लाखौं मधेशी जनतालाई आफ्नै मुलुकमा गैर नागरिक सरह बस्न बाध्य तुल्याएको र उनीहरुलाई नागरिकता दिनवाट बञ्चित गरेको उनीहरुको आरोप छ ।

विरोध प्रदर्शनमा जसपाका केन्द्रीय सदस्य तथा जनकपुरधाम उप-महानगरपालिकाकानिवर्तमान मेयर लालकिशोर साह, नगर अध्यक्ष विष्णुदेव साह, युवा नेता जितेन्द्र यादव, नविन यादव लगायत नेता तथा कार्यकर्ता सहभागी भएका थिए । आइतवार राष्ट्रपतिले दुवै सदनबाट पारित भइसकेको नागरिकता सम्बन्धी विधेयक प्रमाणीकरण नगरि पुनः प्रतिनिधिसभामा फिर्ता पठाएपछि मधेशका चौतर्फी विरोध हुन थालेको छ ।

## कांग्रेस रौतहटले गऱ्यो विरोध प्रदर्शन

**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेस रौतहटले राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक फिर्ता पठाएपछि विरोध प्रदर्शन गरेको छ । कांग्रेसले सोमबार रौतहटको गरुडा नगरपालिकाको गौर चपुर जाने बाटो ३० मिनेट चक्का जाम गरी विरोध जनाएका हो ।

कांग्रेस रौतहटका वरिष्ठ नेता हृदयनारायण यादवको अध्यक्षतामा भएको कोणसभामा बोल्ने वक्ताले अविलम्ब नागरिकता विधेयक प्रमाणीकरण नगरे मधेशमा भीषण आन्दोलन हुने चेतावनी दिएका थिए । यस्तै मधेश प्रदेश सदस्य एवम सूचना संचार तथा प्रचारप्रसार विभाग प्रमुख नितिशकुमार गुप्ताले मधेश प्रदेशमा हजारौं जनता नागरिक अधिकारबाट बन्चित गरेको बताए । राष्ट्रपति भण्डारीले संसदको मर्यादालाई अपमानित गरेर नागरिकता विधेयक फिर्ता गरेको भन्दै उनले आपत्ति जनाए ।

त्यस्तै पूर्व उपसभापति सुनिलकुमार यादवले जन्मसिद्ध नागरिकका छोराछोरीहरूले नागरिकता नपाउँदा राज्यको सेवा सुविधा बन्चित हुने अवस्था रहेको बताए । विरोध कार्यक्रमा नेता राम यादव, रामसेनेही यादव लगायतले नागरिकता विधेयक फिर्ता भएकोप्रति खेद प्रकट गरेका थिए ।

युनामाई गाउँपालिका सभापति सीताराम यादव, वडा सभापति हरिन्द्र कुमार, महाधिवेशन प्रतिनिधि रामकृष्ण चौधरी लगायतका नेता-कार्यकर्ताहरु उपस्थित थिए ।

राष्ट्रपति भण्डारीले आइतबार नागरिकता विधेयक फिर्ता गरेकी थिइन् । प्रतिनिधि र राष्ट्रियसभाबाट पारित भएर प्रमाणीकरणका लागि पठाएको नागरिकता विधेयक राष्ट्रपति भण्डारीले फिर्ता गरेकी थिइन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ भाद्र १० गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

clear tv SIM TV अब हर घर डिजिटल MAX DIGITAL TV NET TV DRIVEN BY INNOVATION mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY Janakpur

# प्रहरी श्रीमती संघको वार्षिकोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश श्रीमतीसंघलेवार्षिकोत्सवमनाएको छ। सोमबार जनकपुरधाम नेपाल प्रहरीको प्रदेश कार्यालयस्थित नेपाल प्रहरी श्रीमती संघ भृकुटीमण्डपको ३८ औं वार्षिकोत्सव मनाइएको हो ।

मधेश प्रदेश श्रीमती संघको आयोजनामा भएको कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख तथा प्रहरी नायव महा निरीक्षक (डिआईजी) मसउँद आलम खाँको प्रमुख अतिथ्यता रहेको थियो ।

कार्यक्रममा ९ जना सर्वसधारण र ६५ जना प्रहरी कर्मचारी गरी ७४ जनाले



रक्तदान गरेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

कार्यक्रममा आयोजक संस्थाका पदाधिकारी, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र विभिन्न पद/निकायका सुरक्षाकर्मीसहित तीन सय जनाको उपसिथिति रहेको थियो ।

# बाघले तीन गोही खायो

चितवन । चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गोही प्रजनन केन्द्रका तीन घडियाल गोही बाघले खाएको छ। बाघले गोही खाएको यहाँको यो पहिलो घटना हो । दुई बाघ जुधेपछि घाइते बनेको बाघले प्रजनन केन्द्रमा रहेका गोही खाएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार घाइते बाघले शिकार गर्न नसकेपछि मानिस छिर्ने गरेको केही होचो पर्खाल नाघेर प्रजनन केन्द्र छिरेको हो। यहाँ रहेका अन्दाजी १२ वर्षका माउ गोही खाएको उहाँले जानकारी दिनुभयो।

बिहानको समयमा बाघले गोही खाएको हो । गोही खाने बाघ अन्दाजी १२ वर्षको भाले हो। सूचना अधिकारी तिवारीले भन्नुभयो, "बाघले गोही खाएको मैले सुनेको पहिलो घटना हो ।" गोही खाएपछि बाघलाई 'डार्ट' गरेर नियन्त्रणमा लिई बाँके पठाइएको छ । सो दिन पानी परेकाले ढिलो गरी कर्मचारी प्रजनन केन्द्र गएकाले बाघको आक्रमणबाट बचेका थिए।

बाघले आक्रमण गरी घाइते गोहीलाई बाघ भएको स्थान नजिक लगेर राखी खान आएको समयमा बाघलाई नियन्त्रणमा लिइएको हो। यसअघि बाँकेबाट एउटा बाघ यहाँ ल्याइएको थियो। यहाँ खोर खाली नभएपछि बाँके पठाइएको हो । हाल सौराहामा दुई र कसरामा दुई बाघ खोरमा छन् ।रासस

# रेडक्रस सोसाइटी रौतहट शाखाको सभापतिमा यादवको प्यानल विजयी

**टुडे समाचारदाता**

रौतहट । नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाको सभापतिमा राजकिशोर प्रसाद यादव निर्वाचित भएका छन् । शाखाको नया कार्य समितिको लागि भएको निर्वाचनमा यादव १७ मतले विजयी भएका हुन।

उनले निकटतम प्रतिद्वन्दी निवर्तमान सभापति संजीव कुमार मल्लिकलाइ पराजित गर्दै निर्वाचित भएका छन। यादवको पक्षमा ४८ मत परेको थियो भने मल्लिकको पक्षमा ३१ मत परेको थियो।

उप सभापतिमा अनिरुद्ध महतो ४६, नीलू झा ४७ ,मंत्रीमा धर्मेन्द्र प्रसाद सिंह ४८ , कोषाध्यक्षमा राम आधार यादव ४५ उपमंत्रीमा मो . हसरे आलम ४६ , उप कोषाध्यक्षमा बीरेंद्र



कुमार मिश्रा निर्वाचित भएका छन । सदस्यमा पूनम देवी ५० , शिला कुमारी यादव ४५ , उर्मिला देवी यादव ४५ , राम एकवाल साह ४७ ,बाल कुमार जायसवाल ४५ ,तेज नारायण प्रसाद यादव ४४ , घनश्याम सुन्दर श्रेष्ठ ४८ , संजय कुमार यादव ४६ , शेख कलामुल्लाह ४४ र राम विलाश साह कानू ४७ मत ल्याएर प्यानल विजयी भएको निर्वाचन अधिकृतले जनाएको छ।

२ पटक नेतृत्व गरी सकेका मल्लिकका प्यानल पराजित भएका छन । १२ बटा उपशाखा रहेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको निर्वाचनमा ८२ जना प्रतिनिधि रहेकामा ८० जनले मतदान गरेका थिए।

# स्वास्थ्य क्षेत्रमा फड्को मार्दै चितवन

चितवन । जटिल प्रकृतिका उपचार गर्नुपरेमा राजधानी काठमाण्डु नै धाउनुपर्ने विगतको अवस्थाको अन्त्य गर्दै चितवनले स्वास्थ्य क्षेत्रमा फड्को मारेको छ।

संघीय राजधानीमा पाइने अधिकांश स्वास्थ्य सुविधा यही उपलब्ध भएका छन् भने कतिपय राजधानीमा पनि नपाइने स्वास्थ्य सेवा र उपकरण यहाँ उपलब्ध छन्।

सङ्घीय भरतपुर अस्पताल, दुई ठूला मेडिकल कलेज, क्यान्सर अस्पताल, आँखा अस्पताल, प्राकृतिक चिकित्सालय, आयुर्वेदिक चिकित्सालयसहित सबै प्रकृतिका उपचार सेवा यहाँ उपलब्ध छन् । पछिल्लो समय देशैभरिबाट र भारतको सीमावर्ती क्षेत्रबाट समेत यहाँ उपचारका लागि बिरामी आउने गर्दछन्।

यकिन तथ्याङ्क नभए पनि वार्षिक २० लाखभन्दा बढीले यहाँका अस्पतालबाट उपचार लिने गरेको अनुमान गरिन्छ । यसको प्रत्यक्ष प्रभाव स्वास्थ्य पर्यटन क्षेत्रमा पनि देखिएको छ। रु एक अर्बसम्म लगानी गरेर निजी अस्पतालले स्तरोन्नति गरिरहेका छन् । यससँगै ठूला औषधि उद्योग यही खुलिरहेका छन्।

भरतपुर महानगर प्रमुख रेनु दाहाल राजधानी काठमाण्डुपछि उपचारमा भरतपुर अग्रणी रहेको बताउनुहुन्छ । पछिल्लो समय ठूलो प्रयासपछि भविष्यमा शिक्षण अस्पताल हुने गरी शिक्षक अस्पताल भरतपुरमा बन्ने निश्चित भएको छ । एक सय शय्याको आयुर्वेदिक अस्पताल निर्माण प्रक्रिया अघि बढेको छ।

उहाँले भन्नुभयो, "सरकारी स्वास्थ्य संस्था स्थापना, भएकाको स्तरोन्नति र निजी स्वास्थ्य संस्थालाई आवश्यक सहयोग हामीले गरिरहेका छौं ।" मेडिकल कलेजसँग मिलेर आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ भने भरतपुर अस्पतालमा हेल्प डेस्क सञ्चालनदेखि महिलाका लागि निःशुल्क बहिरङ्ग टिकटको व्यवस्था महानगरले गरेको छ। यससँगै भरतपुर अस्पताल, वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर आँखा अस्पताल, प्राकृतिक चिकित्सालयलगायतको स्तरोन्नतिका लागि महानगरले प्रत्यक्ष सहयोग गरिरहेको छ। महानगरभित्र ४२ स्वास्थ्य केन्द्रसमेत सञ्चालनमा छन्।

चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा डा हरिश्चन्द्र न्यौपाने काठमाण्डुमा नहुने उपचार सेवा चितवनमा हुने बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यहाँ नहुने सेवा काठमाडौँमा हुँदैन।" उपचारको हिसाबले नेपालमा काठमाण्डुभन्दा अगाडि चितवन रहेको दाबी उहाँको छ । धेरै उपत्यकाका बिरामी उपचारका लागि आफ्नो मेडिकल कलेजमा आउने गरेको न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रोमा उपचार नहुने बिरामी नेपालमा अन्यत्र केही हुँदैन ।" अङ्ग प्रत्यारोपणमा चर्चा कमाएको यो मेडिकल कलेजले क्यान्सर अस्पतालसमेत सञ्चालन गर्दैछ। भरतपुरमा एउटा सरकारी क्यान्सर अस्पताल रहेकोमा अब थप दुई निजी क्यान्सर अस्पताल सञ्चालनमा आउने तयारीमा छन्।

प्राडा न्यौपानेका भनाइमा स्पेक्टसिटी उपकरणमार्फत न्युक्लियर मेडिसिन, कतिपय रेडियोथेरापी, शल्यक्रिया गरिएका बच्चा राख्ने बाल सघन उपचार कक्ष, सानो आन्द्राको रगत बग्दा गरिने परीक्षणजस्ता धेरै उपचार काठमाडौँमा नभएर चितवनमा मात्रै हुने गरेको छ। यही ढङ्गले विकास हुँदै गर्दा स्वास्थ्यमा भरतपुरले फड्को मार्दै अघि बढ्ने उहाँको भनाइ छ।

भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारी स्वास्थ्यमा भरतपुर निकै अगाडि रहेको जनाउँदै अब व्यवस्थापकीय पाटोमा जुट्नुपर्ने बताउनुहुन्छ । शक्तिशाली मेडिकल सिटी बोर्ड गठन गर्नुपर्ने, भरतपुर अस्पताललाई शिक्षण अस्पताल बनाउनुपर्ने, यहाँका दुई मेडिकल कलेजलाई सरकारी निकायसँग साझेदारी गरी काम लगाउनुपर्ने उहाँको भनाइ छ। यससँगै सबैलाई जोडेर मेडिकल विश्वविद्यालयको अवधारणा यहाँ ल्याउनुपर्ने अधिकारी बताउनुहुन्छ। अहिले पनि कतिपय परीक्षणका लागि नमूना भारतलगायतका देशहरूमा पठाउनुपर्ने बाध्यता रहेको जनाउँदै उहाँले यही उच्चस्तरको परीक्षण प्रयोगशाला स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । यहाँ एयर एम्बुलेन्सको सुविधा जरुरी रहेको उहाँ बताउनुहुन्छ । मूल्य र सेवालाई एकरुपता दिनुपर्नेमा अध्यक्ष डा अधिकारीको जोड छ । यसले यहाँको स्वास्थ्य पर्यटनमा टेवा पुऱ्याएको भन्दै व्यवस्थित गर्नुपर्ने बताउनुभयो।

वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका अध्यक्ष डा निर्मल लामिछाने उपचारका क्षेत्रमा पछिल्लो छोटो समयमा फड्को मारेको बताउनुहुन्छ । सरकारीसँगै निजी क्षेत्र आक्रामक रुपमा अघि बढेसँगै नेपाली र भारतीय सीमा क्षेत्रका बिरामीले यहाँ सेवा पाएको उहाँको भनाई छ। सरकारीसँगै निजी क्षेत्रबाट पनि क्यान्सर उपचार हुने भएपछि क्यान्सरका सबै उपचार यही सम्भव हुने उहाँको भनाइ छ। अहिले अस्पतालले बोनम्यारो प्रत्यारोपणबाहेकका सबै खाले क्यान्सरको उपचार गर्दै आएको छ ।रासस

# निर्माण व्यवसायी संघ रौतहटको अध्यक्षमा यादव बिजयी

**टुडे समाचारदाता**

रौतहट । निर्माण व्यवसायी संघ रौतहट को अध्यक्षमा कृष्ण देब यादव निर्वाचित भएका छन्। उनले निकटतम प्रतिद्वन्दी धिरेन्द्र



सिंह लाई १२ मतले पराजित गर्दै बिजयी भएका छन्। यादबको पक्षमा १ सय ६० मत छ भने सिंह को पक्षमा १ सय ४८ मत।

बरिष्ट उपाध्यक्षमा उपेन्द्र कुमार यादव १८०, उपाध्यक्षमा उपेन्द्र यादव १६०, क्षेत्रीय उपाध्यक्ष १ मा पवन किशोर साह १६४, क्षेत्रीय उपाध्यक्ष २ मा प्रमोद महतो कोइरी १४९, क्षेत्रीय उपाध्यक्ष २ मा राम बशिष्ट यादव १७१,महासचिवमा श्रीकान्त प्रसाद यादव १६८, सचिबमा कल्याण कार्की १६४, कोषाध्यक्षमा बिक्रान्त बिक्रम नेपाल १६०, सह कोषाध्यक्षमा विरेन्द्र चौधरी १५१ मत ल्याएर विजय भएका छन्।

त्यस्तै सदस्यहरुमा वीरेन्द्र प्रसाद १७१, नितिश यादव १६७, सबिन्द्र नारायण साह १६३, प्रमोद यादव १५७, सरोज कुमार यादव १५६, बिबेक सिंह १५३, सुनर जित कुमार गिरि १५१, मुरलीधार यादव १५० र मोहमद मनिर शेख १५० मत ल्याएर बिजयी भएको निर्वाचन अधिकृत छोटेलाल दासले जानकारी दिएका छन्।

# चौबीस जिल्लामा सतप्रतिशत रोपाइँ

काठमाण्डु । यसवर्ष समयमा पानी परेकाले वर्षे धान रोपाइँ उत्साहजनक रुपमा सकिएको छ । नेपालमा हिमाल पारीका दुइजिल्ला मनाङ र मुस्ताङ बाहेक ७५ जिल्लामा रोपाइँ सकिएको छ। चौबिस जिल्लामा सतप्रतिशत रोपाइँ भएको कृषि विभागले जनाएको छ।

नेपालमा वर्षे धान साउन महिनाभर रोपिन्छ । यसवर्ष कर्णाली प्रदेशमा ९९ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष त्यहाँ ९८ प्रतिशत रोपाइँ भएको थियो। कर्णाली प्रदेशमा १० जिल्ला छन् । उक्त प्रदेशका जुम्ला, कालीकोट, मुगु, डोल्पा, हुम्ला, रुकुम पश्चिम र जाजरकोटमा सत्प्रतिशत रोपाइँ भएको छ। नेपालमा सबैभन्दा धेरै धान उत्पादन हुने जिल्ला झापा हो। त्यहाँ यस वर्ष ८४ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ भए पनि ८७ हजार ५०० हेक्टर जमिनमा धान खेती गर्नसकिन्छ।

संसारको सवैभन्दा उच्चस्थानमा धानखेती हुने जुम्ला जिल्लाको छुमचौर हो। सबैभन्दा धेरै धान उत्पादन हुने झापा जिल्लालाई सरकारले धान उत्पादनको सुपार जोन घोषणा गरेको छ।

कर्णाली प्रदेशमा ९९ प्रतिशत रोपाइँ हुँदा ३८ हजार तीनसय १६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। कूल ३८ हजार ८८६ हेक्टर जमिनमा धान रोपाइँ गर्न सकिने कर्णालीलाई सुख्खा प्रदेश भनिन्छ तर यसवर्ष समयमा वर्षा भएकाले कर्णाली भोकमरीको चपेटामा नपर्ने संकेत देखिन्छ । नेपालको अर्थतन्त्रमा धानको ठूलो महत्व छ । धानको उत्पादन बृद्धि हुदा अर्थतन्त्र बलियो हुन्छ भने उत्पादन घट्दा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा असर पर्छ।

उत्पादन बढ्दा जिडिपी माथि उक्लन्छ । कृषि क्षेत्रको उत्पादनमा धानको योगदान १२ प्रतिशत छ। यसवर्ष प्रदेश नं. १ को सोलुखुम्बु, ओखलढुङ्गा, वाग्मती प्रदेशको धादिङ, काठमाण्डु, भक्तपुर, ललितपुर, मकवानपुर, र चितवन, गण्डकी प्रदेशको म्याग्दी, स्याङ्जा, वाग्लुङ, नवलपुर, लुम्बिनी प्रदेशको बर्दिया, र सुदूरपश्चिम क्षेत्रको दार्चुला, बझाङ, बाजुरा र कञ्चनपुरमा सतप्रतिशत रोपाइँ भएको छ।

"यसवर्ष हामी खुसी छौं।" भक्तपुरका अगुवा किसान रामकृष्ण

***कर्णाली प्रदेशमा ९९ प्रतिशत रोपाइँ हुँदा ३८ हजार तीनसय १६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। कूल ३८ हजार ८८६ हेक्टर जमिनमा धान रोपाइँ गर्न सकिने कर्णालीलाई सुख्खा प्रदेश भनिन्छ तर यसवर्ष समयमा वर्षा भएकाले कर्णाली भोकमरीको चपेटामा नपर्ने संकेत देखिन्छ। नेपालको अर्थतन्त्रमा धानको ठूलो महत्व छ। धानको उत्पादन बृद्धि हुदा अर्थतन्त्र बलियो हुन्छ भने उत्पादन घट्दा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा असर पर्छ।***

ढकालले भन्नुभयो। जेठ १५ देखि नै मनसुन सक्रिय भइ समयमा रोपाइँ भएकाले यसवर्ष धेरै किसान खुसी देखिएका छन् । मौसमले साथ दिएपनि अझैसम्म केही किसानले रासायनिक मल भने पाउन सकेका छैनन् । गतवर्षको यसै अवधिमा ९७ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको थियो। गत वर्ष १३ लाख ४२ हजार ८१९ हेक्टर जमिनमा धान रोपाई भएको थियो तर यसवर्ष सोही अवधिमा १४ लाख १७ हजार १३१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। गत वर्षभन्दा यसवर्ष ७४ हजार ३१२ हेक्टर बढी क्षेत्रफलमा धान रोपाइँ भएको छ। नेपालमा झन्डै १६ लाख हेक्टर जमिनमा धान खेती गरिन्छ।

यसवर्ष कर्णाली प्रदेश र सुदूर पश्चिममा ९९ प्रतिशत, लुम्बिनीमा ९०, वाग्मतीमा ९७, मधेश प्रदेशमा ९३ र प्रदेश १ मा पनि ९३ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । नेपालको प्रमुख खाद्यन्न बाली धान हो। नेपालमा चैते धान, वर्षे धान र घैया धानको रोपाइँ हुदै आएको छ। आव २०६०।०६१ देखि २०७८।०७९ सम्म को तथ्याङ्कलाई केलाउदा नेपालमा धानको उत्पादन बढ्नु र घट्नुमा मुख्य मौसममा निर्भर देखिन्छ। जुन वर्ष मौसम अनुकुल हुन्छ त्यो वर्ष धानको उत्पादन बढेको देखिन्छ भने मौसम अनुकुल नभएका बखत धानको उत्पादन घटेको पाइन्छ।

संसारका आधा जनसंख्याको मुख्य खाना चामल हो । एशियाली देशमा ९० प्रतिशतभन्दा बढी धानको उत्पादन र खपत हुन्छ। संसारमा सबैभन्दा धेरै धान फल्ने देश चीन हो । विश्वका ७८ भन्दा बढी देशमा आठ सय ६४ थरीका धानका बीऊ सिफारिस भएका छन्। नेपालमा ८६ उन्नत र सात रैथाने जातको बीऊबाट उत्पादन गरिदै आएको छ ।रासस

# श्रीमान्‌ले लगाइदिएको आगोबाट प्रमिलाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा श्रीमान्‌ले लगाइदिएको आगोबाट गम्भीर घाइते भएकी प्रमिला सादाको मृत्यु भएको छ । आइतबार राती उनको उपचारको क्रममा काठमाण्डुस्थित किर्तिपुर वर्न अस्पतालमा मृत्यु भएको छ।

साउन २१ गते औरही नगरपालिका ८ टिमकियाका शंकर सादले भंगहा नगरपालिका ९ कञ्चनवनकी ३५ वर्षीय श्रीमती प्रमिला सादा र ६५ वर्षीय सासु रेसमा सादाको शरीरमा मट्टितेल खन्याएर आगो लगाइएको थियो।

श्रीमान्‌ले लगाइदिएको आगोबाट मृत्यु भएको प्रमिलाको शवलाई अन्तयेष्टीको लागि सोमबार कञ्चनवन ल्याइएको छ । प्रमिलाको आमा रेसमाको उपचार जारी छ।

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०७९/०४/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : शिव कुमार साह**
**सिम्बोल नं.:** २१७०२९२९
**रजिष्ट्रेशन नं.:**६७२७०७६८६
**ठेगाना:जि.ध. गाविस कनकपट्टी-३**
**हाल: जनकपुरधाम उ.म.न.पा.-१७**
**मो.नं.** ९८५१२३९६०५

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : धन बृद्धि सञ्चय। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिका र कृषि समाग्री कम्पनी सम्झौता

वीरगञ्ज महानगरपालिकाको कार्यालयमा सोमबार मलको विषयमा दुई पक्षिय सम्झौतापत्र आदाप्रदान गर्नुहुँदै महानगरका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल(दायाँ) र कृषि समाग्री कम्पनी, मधेस प्रदेशका प्रमुख चन्द्र प्रसाद चौलागाई(बायाँ) । महानगरपालिकालाई कम्पनीले थप ६ हजार बोरा युरिया मल दिने लगायतका चार बुँदे सम्झौता भएको छ।

*तस्वीर :रासस*

# पूर्वउपराष्ट्रपति झाको ‘मधेशको माटो म’ लोकार्पण

काठमाण्डु । पूर्वउपराष्ट्रपति परमानन्द झाको जीवनको भोगाइसमेतका विषयवस्तु समेटिएको ‘मधेशको माटो म (सप्तरीदेखि शासनसत्तासम्म)’ पुस्तक लोकार्पण गरिएको छ । उपराष्ट्रपति कार्यालय लैनचौरमा सोमबार आयोजित कार्यक्रममा उपराष्ट्रपति नन्दबहादुर पुनले उक्त पुस्तकको लोकार्पण गर्नुभयो ।

पुस्तकमा गणतन्त्र नेपालको पहिलो उपराष्ट्रपतिका रूपमा रहनुभएका झाको जीवन भोगाइ समेटिएको छ । पुस्तकमा उहाँको सिङ्गो जीवनको कथा उल्लेख गरिएको छ । परिवार, देश, मधेस, न्याय, उपराष्ट्रपतिलगायत विषयलाई तीन खण्डमा सङ्गृहीत गरिएको छ । पुस्तकको पहिलो खण्डमा पृष्ठभूमि र पात्रता, दोस्रो खण्डमा न्यायको पथमा र तेस्रो खण्डमा झाङ्गिएको झा परिवारसम्बन्धी भोगाइ राखिएको छ । पुस्तकमा झाको बाल्यकाल, अध्ययन, न्याय क्षेत्रमा प्रवेश, राजनीतिक जीवन, पहिचानको मुद्दा, तीतामीठा अनुभव संलग्न गरिएको छ ।

पुस्तकको लोकार्पण गर्दै उपराष्ट्रपति पुनले जनताको सङ्घर्षको बलमा प्राप्त गणतन्त्रकै कारण जनताको छोराछोरी मुलुकको सर्वोच्च पदमा पुग्न सफल भएको बताउनुभयो । ‘‘गणतन्त्रपछि मधेसको माटोले मुलुकको सर्वोच्च पद प्राप्त गर्‍यो’, उहाँले भन्नुभयो, मूलुकको प्रथम राष्ट्रपति र उपराष्ट्रपतिमा मधेसबाटै प्रतिनिधित्व भयो, यो गणतन्त्रको उपहार हो ।’

जनताको त्याग, तपस्या र बलिदानबाट मुलुकमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी,समानुपातिकप्रतिनिधित्व सुनिश्चित भएको उल्लेख गर्दै उहाँले प्राप्त उपलब्धिमा सबै



नेपाली, भूगोल र वर्गले गर्व गर्न सक्नुपर्ने बताउनुभयो । वर्ग र समाज रहेसम्म विभेदका घटना भइरहने उल्लेख गर्दै उहाँले विभेदको अन्त्य गर्न सिङ्गो मुलुक एक भएर लाग्नुपर्ने बताउनुभयो ।मान्छे-मान्छे, जातजाति, क्षेत्र र माटो बीचको विभेद हुनुहुँदैन’, उहाँले भन्नुभयो, ‘‘विभेद अन्त्यका लागि सबै एक ठाउँमा आउनुपर्छ ।’

कृषि तथा पशुपक्षीमन्त्री मृगेन्द्रकुमार सिंहले पहिचानको मुद्दालाई स्थापित बनाउन पुस्तकले सहयोग गर्ने बताउनुभयो । एउटै जाति, भाषा, संस्कृतिको मानसिकताले पहिचानको मुद्दालाई ओझेलमा पारेको छ’, उहाँले भन्नुभयो ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालले पुस्तकले लेखकीय व्यक्तित्वको चर्चा मात्र नगरी सिङ्गो मधेसलाई ऐना जस्तै छर्लङ्ग पारेको बताउनुभयो । पुस्तकले मधेशका जनताको चित्रण गरेको छ, उहाँले भन्नुभयो, ‘‘मधेशका बासिन्दा पनि नेपाली हुन्, नेपाली भए पनि देशभित्रै विभेदको पीडा भोग्नु परेको यथार्थलाई पुस्तकले समेटेको छ ।’

मधेश आन्दोलन, समाज, संस्कृति, राजनीति र इतिहास बोकेको बताउनुभयो । मधेशलाई राजनीतिक इतिहासले ठगेको उल्लेख गर्दै उहाँले काठमाडौँमा बसेर मधेसको भाव, भावना र मनोविज्ञानलाई बुझ्न नसकिने बताउनुभयो ।

समीक्षक उद्धवप्रसाद भट्टराईले पुस्तकले लेखक झाको देश र माटोप्रतिको अगाध स्नेहलाई प्रस्ट पारेको उल्लेख गर्दै पुस्तक पठनीय, मननीय र प्रेरणास्पद रहेको बताउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता डा सुरेन्द्रकुमार झाले संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतालाई स्वीकार गरिएको भए पनि राज्यको मनोविज्ञान अझै परिवर्तन हुन नसकेको बताउनुभयो ।

लेखक कुञ्जका अध्यक्ष कमल ढकालले साहित्यमा सिर्जनशीलताको खोजी गर्दै प्रत्येक नागरिकलाई सिर्जनशील बनाउन आफू लागिपरेको बताउनुभयो । लेखक झाले पुस्तकमा आफूले जीवन भोगाइ, अनुभव र व्यवहार उल्लेख गरेको बताउनुभयो । विसं २००२ सालमा सप्तरीको मौवाहा (हाल बलान विहुल गाउँपालिका)मा जन्मनुभएका झा नायब सुब्बा, कानून अधिकृत, जिल्ला न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश हुँदै मुलुकको उपराष्ट्रपति पदमा पुग्नुभएको थियो ।रासस

# भदौ ५ देखि पचास जिल्लाका बालबालिकाका लागि कोरोना विरुद्धको खोप

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दोस्रो चरणमा ५० जिल्लाका ५ देखि १२ वर्षमुनिका बालबालिकाका लागि कोरोना भाइरस विरुद्धको खोप लगाउन थालेको छ ।

भदौ ५ गतेदेखि ११ गतेसम्म कोरोना भाइरस विरुद्धको खोपको पहिलो मात्रा दिइने छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार दोस्रो चरणमा ५० जिल्लाका बालबाबालिकालाई कोरोना विरुद्धको खोप ‘फाइजर बायोएनटेक’ दिन लागिएको हो ।

भदौ ५ गतेदेखि ११ गतेसम्म पहिलो मात्रा लगाएका बालबालिकालाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिने छ ।

यसअघि २७ जिल्लाका बालबालिकालाई कोरोना भाइरस विरुद्धको खोप लगाइएको थियो । बालबालिकालाई विद्यालयमा नै खोप केन्द्र स्थापना स्थापना गर्नाका साथै बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ । ५ देखि १२ वर्षमुनिका उमेरका विद्यालयले तयार गरेको कक्षागत सूची, नामावली, विद्यालयले उपलब्ध गराएको परिचयपत्रका आधारमा खोप लगाइने छ ।

यस्तै विद्यालयमा सूचीकृत नभएका बालबालिकाहरूको हकमा उमेर खुल्ने परिचयपत्र वा निजको अभिभावकले स्वघोषणा गरेको उमेर पुगेका बालबालिकालाई खोप लगाइने छ ।

प्रदेश नं १ को भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, पाँचथर, सङ्खुवासभा, सोलुखुम्बु, ताप्लेजुङ, तेह्रथुम र उदयपुर, मधेस प्रदेशको बारा, रौतहट र सर्लाही, बागमती प्रदेशको रामेछाप, दोलखा, धादिङ, नुवाकोट, रसुवा र सिन्धुपाञ्चोकका बालबालिका रहेका छन् ।

यस्तै गण्डकी प्रदेशको बागलुङ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, स्याङ्जा र तनहुँ, लुम्बिनी प्रदेशको कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, पूर्वी रुकुम, कर्णाली प्रदेशको पश्चिम रुकुम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, मुगु, दैलेख र जाजरकोट रहेका छन् ।

यस्तै सुदूरपश्चिम प्रदेशको अछाम, डोटी, बझाङ, बाजुरा, बैतडी र दार्चुलाका बालबालिका रहेका छन् ।रासस

# प्रज्ञा प्रतिष्ठानलाई बजेट अपुग

काठमाण्डु । नेपाल सरकारबाट विगतमा भन्दा कम बजेट विनियोजन भएपछि नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञसभाको सोमबार सम्पन्न ३७औँ बैठकले थप रकम माग गर्ने गरी चालु आर्थिक वर्षका लागि बजेट र कार्यक्रम स्वीकृत गरेको छ ।

सभाले रु ३० करोड २० लाख ४२ हजारको बजेट पारित गरेको प्रतिष्ठानका सदस्यसचिव प्रा जगतप्रसाद उपाध्यायले जानकारी दिनुभयो । उक्त बजेटबाट कर्मचारीहरुको १५ प्रतिशत वृद्धि तलब र उपदानलगायतका नियमित दायित्व धान्न गाह्रो हुने भएकाले सरकारसँग थप रकम माग गरिएको उपाध्यायले बताउनुभयो ।

गत आर्थिक वर्षमा सरकारबाट प्रतिष्ठानलाई रु १९ करोड १२ लाख ६४ हजार विनियोजन भएकामा चालु आर्थिक वर्षका लागि रु १४ करोड २३ लाख मात्रै विनियोजन भएको छ । गत आर्थिक वर्षमा रु २५ करोड १४ लाख ३९ हजार आठ सय २४ यथार्थ आयव्यय विवरण सभामा प्रस्तुत भई पारित भएको छ । गत आवमा प्रतिष्ठानले आन्तरिक कोषबाट रु छ करोड एक लाख ८५ हजार खर्च गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाले सोमबार सभाको उद्घाटन गर्नुभएको थियो । प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिकशास्त्र विधामा वार्षिकरूपमा अध्ययन/अनुसन्धान गरी, गराई पुस्तकहरूको प्रकाशन, राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा सम्मेलन, गोष्ठी र कार्यशाला गरेर नेपालका भाषा, साहित्य, संस्कृतिलगायतको उन्नयनमा महत्वपूर्ण योगदान दिँदै आएको छ । प्रतिष्ठानका वर्तमान कुलपति गङ्गाप्रसाद उप्रेती र सदस्यसचिव उपाध्यायको कार्यकाल आउँदो असोज २० गते र अन्य पदाधिकारीको कार्यकाल मङ्सिर मसान्तमा सकिँदैछ ।रासस

# धार्मिक, सामाजिक र सांस्कृतिक समानताका कारण नेपाल–भारत बीचको सम्बन्ध अनुपम

काठमाण्डु । विभिन्न राजनीतिक पार्टीका नेता एवं पूर्वमन्त्री र पूर्वराजदूतहरूले भौगोलिक निकटका साथ धार्मिक, सामाजिक र सांस्कृतिक समानताका कारण नेपाल-भारत बीचको सम्बन्ध अनुपम रहेको बताउनुभएको छ । छिमेकी मित्रराष्ट्र भारतको ७५औँ स्वतन्त्रता दिवसका उपलक्ष्यमा नेपाल-भारत मैत्री समाजद्वारा सोमबार आयोजित कार्यक्रममा वक्ताहरूले समान मूल्य, मान्यता एवं रोटीबेटीका सम्बन्धका कारण नेपाल-भारत बीचको सम्बन्ध विशिष्ट रहेको बताउनुभयो ।

दुई देशका नागरिक-नागरिक बीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै उहाँहरूले यस किसिमको सम्बन्धलाई अझ प्रगाढ, घनिष्ट र उपलब्धिमूलक बनाउनुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री अर्जुननरसिंह केसीले भारतीय स्वतन्त्रता सङ्ग्राममा नेपालीहरूले पनि भाग लिएको उल्लेख गर्दै अब भारतको समृद्धि र विकासबाट नेपाल लाभान्वित हुनसक्नुपर्ने समय आएको बताउनुभयो ।

नेकपा (एमाले) का विदेश विभाग प्रमुख डा राजन भट्टराईले दुई देशबीच रहिआएको सुमधुर र अनुकरणीय सम्बन्धलाई अझ प्रगाढ, घनिष्ट र उपलब्धिमूलक बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपालस्थित भारतीय दूतावासका काउन्सिलर अनिल गिरीले नेपाल र भारतबीचको सम्बन्ध बहुआयामिक र अनुपम रहेको चर्चा गर्दै यस किसिमको सम्बन्धलाई अझ थप उचाइमा पुर्‍याउनुपर्नेमा जोड दिनुभयो ।

समाजका अध्यक्ष प्रेम लस्करीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्वमन्त्री हिसिला यमी, जनता समाजवादी पार्टीका नेता मनिष सुमन, भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्याय र प्रा डा लोकराज बराल, नेपाल सरकारका पूर्वमुख्यसचिव तीर्थमान शाक्य र नेपाल मारवाडी परिषद्का अध्यक्ष पवन मित्तलले सरकारी तहका साथ जनता-जनताको बीच सम्बन्ध अझ प्रगाढ बनाउने दायित्व नागरिक समाजको पनि रहेको बताउनुभयो । भारतको ७५औँ स्वतन्त्रता दिवसका उपलक्ष्यमा सोमवार काठमाडौँ, लैनचौरस्थित भारतीय दूतावाससहित नागरिक समाजका विभिन्न तह र तप्काबाट कार्यक्रम आयोजना गरिएका थिए ।रासस

# सत्तरी प्रतिशत उम्मेदवारले बुझाएनन् खर्च विवरण

काठमाण्डु । विधि र कानूनको पालनामार्फत जनसेवाको सङ्कल्प बोकेर स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका करिब ७० प्रतिशत उम्मेदवारले नै आफूले बुझाउनुपर्ने खर्च विवरण बुझाएका छैनन् ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (१) र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) मा निर्वाचन खर्चको विवरण सम्बन्धित दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भर्पाईसहित तोकिएको कार्यालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले हालसम्म विवरण प्राप्त नभएका उम्मेदवारहरु अधिक देखिएकाले त्यसबारे अध्ययन पूरा भएपछि आयोगले कारबाहीबारे चाँडै निर्णय गर्ने राससलाई बताउनुभयो । उहाँले ढिला गरी पेस हुन आएको खर्च विवरण पनि स्वीकार नगरिने स्पष्ट गर्नुभयो । आयोगले विजयी र पराजितमध्ये कति उम्मेदवारले खर्च विवरण बुझाए या नबुझाएको विवरणसमेत तयार गरिरहेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (२) मा कुनै राजनीतिक दल वा उम्मेदवारले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचन खर्चको विवरण पेस नगरेमा वा त्यसरी पेस भएको विवरणमा सोही दफाको उपदफा (२) बमोजिम लेखापरीक्षण हुँदा लेखापरीक्षकको परीक्षणका आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको खर्च बराबरको रकम वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था छ । यसरी जरिवानाको कारबाही भएका व्यक्ति आउँदो निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित हुनेछन् । निर्वाचनको प्रचारप्रसारका क्रममा भएको सम्पूर्ण खर्चको विवरण सो ऐनको अनुसूची-३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ । गत स्थानीय तहको निर्वाचनको मत परिणाम ढिलाइका कारण काठमाडौँ महानगरपालिकाको परिणाम गत जेठ १२ गते घोषणा भएको थियो । त्यसको एक महिनाका हिसाबले असार १२ गते उम्मेदवारहरुले खर्च विवरण बुझाउनुपर्ने हुन्छ । त्यसभन्दा अघि मत परिणाम घोषणा भएका स्थानीय तहमा सोही मितिले ३० दिनभित्र उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुनेछ ।

आयोगले गत असार ८ गते विज्ञप्ति जारी गरी खर्च विवरण बुझाउने र नबुझाउने उम्मेदवारको अलगअलग विवरण तयार गरी आवश्यक कारबाहीका लागि सिफारिस गर्न सबै जिल्ला र प्रदेश निर्वाचन कार्यालयलाई निर्देशन दिएको थियो । आयोगले स्थानीय तह निर्वाचनका लागि महानगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्च सीमा रु सात लाख ५० हजार र उपमहानगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारको अधिकतम खर्चसीमा रु पाँच लाख ५० हजार तोकेको थियो ।

यस्तै नगरपालिकाको प्रमुख/उपप्रमुखका उम्मेदवारले रु चार लाख ५० हजार र गाउँपालिका प्रमुख/उपप्रमुखका उम्मेदवारले रु तीन लाख ५० हजार खर्च गर्न पाउने गरी तोकिएको थियो । सोहीअनुसार वडाध्यक्ष, सदस्य र जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखका उम्मेदवारको पनि खर्चसीमा तोकिएको थियो ।

आयोगले २०७९ सालको स्थानीय तहको निर्वाचनका लागि २०७४ सालको स्थानीय तह निर्वाचनमा कार्यपालिका सदस्य निर्वाचनका लागि तोकेबमोजिमको निर्वाचन खर्च सीमालाई यथावत् राखी जिल्ला समन्वय समितिका पदाधिकारीको निर्वाचन खर्च घटाइएको थियो ।रासस

# शिवालयमा भक्तजनको भीड

काठमाण्डु । सौरमास अनुसार साउन महिनाको अन्तिम सोमबारका अवसरमा पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो ।

यस वर्ष साउन महिनामा पाँच सोमबार परेकामा सोमबार अन्तिम सोमबार बिहान ३:१५ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चार ढोका भक्तजनलाई दर्शन गराउन खुला गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो । दर्शनका लागि लाखौँ भक्तजन पशुपति क्षेत्रमा लाममा बसेको उहाँले सुनाउनुभयो । भक्तजनका लागि सहजरुपमा लाम लागेर दर्शन गरी फर्कने व्यवस्था मिलाइएको छ ।



कोरोना महामारी फेरि बढ्न थालेकाले पशुपतिनाथ मन्दिर छिर्ने मूलढोकामा मास्क नभएका भक्तजनलाई मास्क वितरण गरेरमात्र प्रवे गराइएको छ । स्वास्थ्य सुरक्षाका लागि कोषले यस्तो उपाय अपनाएको पराजुलीले सुनाउनुभयो । बिहान ३:१५ बजेदेखि मन्दिर दर्शनका लागि लाममा बसेका भक्तजन बिहानैदेखिको घामका कारण छाता ओढेर लाममा बसेको देखिन्छ । सुन्दरीजलबाट शुद्ध जल ल्याई चढाउने बोल बम यात्री भक्तजनको पनि पशुपति क्षेत्रमा भीड छ । बोल बम यात्रीका लागि पशुपतिनाथका चार ढोकामध्ये एउटा ढोका छुट्याइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो ।

सुन्दरीजलबाट खाली गोडा, पहेँलो एवं हरि वस्त्र पहिरिएका भक्तजन लाम लागेर आएको दृश्य देखिन्छ । उच्च स्वरमा बोल बम शब्द गुञ्जायमान गराउँदै भक्तजन पशुपतिनाथ मूल मन्दिरतिर आइरहेका छन् । कति भक्तजन भने सवारी साधन प्रयोग गरेर पनि बोल बम यात्रामा सहभागी भएका छन् ।

साउन महिना र सोमबार भगवान् शिवको महिना र बारका रुपमा लिइन्छ । साउनको सोमबार पारेर भगवान् शिवको दर्शन गरेमा मनोकामना पूरा हुने विश्वास गरिन्छ । यस अवसरमा विशेष गरी महिला भक्तजनको शिवालयमा भीड लाग्ने गर्छ । साउनको सोमबार महिला व्रत बसी भगवान् शिवको पूजा आराधना गर्ने गर्छन् । सोमबार अन्तिम सोमबार भएकाले गोदान र पूर्णपात्र गरी साउने सोमबारको व्रत समापन गरिन्छ ।

साउनको सोमबार व्रत बसी भगवान् शिवको पूजा, आराधना गरेमा विवाहित महिलाले अटल सौभाग्य प्राप्त गर्ने र अविवाहित महिलाले सुयोग्य वर पाउने धार्मिक विश्वास छ । यस अवसरमा आज काठमाडौँ उपत्यकाका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ ।

राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर, पूर्वी भेगस्थित पेप्सीकोलाको नागेश्वर मन्दिर, वसन्तपुरस्थित सानो पशुपतिनाथ मन्दिर, भक्तपुरको डोलेश्वर, ललितपुरको सन्तानेश्वर महादेवलगायत शिवालयमा पनि भक्तजनको भीड लागेको जनाइएको छ । बिहान चार बजेदेखि नै यी मन्दिरको ढोका पनि खुला गरिएको जनाइएको छ ।

यस अवसरमा देशका विभिन्न भागमा रहेका शिवालयमा पनि भक्तजनको भीड लागेको छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले वर्षमा एकपटक साउन महिनामा घरघरमा रुद्राभिषेक पनि गर्ने गर्छन् । यस वर्ष सौरमासअनुसारको साउन महिनामा पाँच सोमबार परेको छ । पहिलोपटक व्रत बस्नेका लागि पाँच सोमबार परेको वर्ष उत्तम मान्ने प्रचलन छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नागरिकतावाट बञ्चित गर्नु हुँदैन्

प्रतिनिधिसभा र राष्ट्रियसभावाट पारित गरेर प्रमाणीकरणकालागि राष्ट्रपति समक्ष पुर्‍याएको नागरिकता विधेयक फिर्ता पछि अहिले मुलुकमा बेग्लै तरंग फैलिएको छ। नेपाल सद्भावना पार्टीका संस्थापक गजेन्द्र नारायण सिंहले सर्वप्रथम उठाएका मुद्दा पछि उपेन्द्र यादव र महन्थ ठाकुरहरुले उठाउँदै अहिले सम्मको यात्रा तय गरिएको थियो । तर, कहिल्यै अदालतवाट त कहिल्यै राष्ट्रपतिवाट हुन त नागरिकता विधेयक विरुद्ध षडयन्त्र नै हो। केपी ओली नेतृत्वको सरकारले अध्यादेशवाट विधेयक ल्याउँदा अदालतले रोकेका थिए भने अहिले सरकारले दुवै सदनवाट पारित गरेर पठाएपछि राष्ट्रपतिले विधेयक फिर्ता पठाएका छन् । जुन सुक्कै हालतमा नागरिकता पाउनु परेन्, नपाएकाहरु। अहिले मधेश क्षेत्रमा मात्रै लाखौं युवाहरु नागरिकता विहीनताको अवस्था छ र उनीहरुले राज्यवाट पाउनु पर्ने सुविधाका साथै उच्च शिक्षा हासिल गर्नवाट समेत बञ्चित भएका छन् । प्रतिनिधिसभा र राष्ट्रसभावाट नागरिकता विधेयक पारित भएर प्रमाणीकरणकालागि राष्ट्रपति समक्ष पुग्दा जनता एक प्रकारको खुशियालीको माहौल थियो भने उनीहरु उच्च शिक्षा हासिल गर्ने सपनाहरु सजाइ सकेका थिए । तर, केही व्यक्तिहरुको प्रभावमा परेर राष्ट्रपतिले गरेको निर्णयले उनीहरुको सपनामाथि तुसारापात भएको छ । जुन नागरिक नागरिकता पाएका छैनन् त्यसको वेग्लै दुखेसो छ भने उनीहरुको दुखेसोमाथि राजनीति गर्नेहरुको एउटा हुल छ । मजाक बुझ्दै छ तर, उनीहरु पीडामा छन् । सिनेमाकै जस्तो दृष्य अहिले हेरिन थालिएको छ । जनतामा देखिएका वितृष्णाले उनीहरुको जिवन यापन गर्ने एक प्रकारले अन्त भएको जस्तो देखिन्छ तर, ह्रास मान्ने अहिले समय आएको छैन्। मधेशका जनताले एक शुक्को केही पाएको छ त्यो संघर्ष र वलिदानीलेनै हो। नागरिकताकालागि थप संघर्ष गर्दै आगाडि बढ्ने अवस्थाको सृजना भएको छ। राष्ट्रपति जस्तो गरिमामय स्थानमा बसेर नागरिकको हकहीतकोलागि सोच्नु पर्ने ठाउँमा कुनै पार्टीको लाइनमा हिँडनुले देशकै उच्च पदमा ग्रहण लागिने अवस्था देखिन्छ । नागरिकता नै नदिएर उनीहरुको जिवन जिउने अधिकार खोसिदैन । संघर्ष गर्दा गर्दै मधेशले पाएको उपलब्धिहरुलाई संस्थागत गराउनकालागि पनि आन्दोलनकै बाटो रोज्नु पर्ने देखिएका परिपाटीले मुलुक कहिले शान्तिको वाटोमा हिडेर समृद्धि हासिल गर्छ त्यो देशका जनता हेर्न चाहेका छन् । त्यस कारण जनताले देशवाट पाउनुपर्ने सुविधा र स्रोत साधन सवैले समान रुपमा पाउनु पर्छ । नागरिकता नै नरहेको खण्डमा जुन प्रकारले उनीहरुलाई त्यस सुविधाहरुवाट वञ्चित गरिएको छ, उच्च शिक्षा हासिल गर्ने अधिकार खोसिएको छ त्यो नहुनुपर्ने । त्यसैले यथाशीघ्र नागरिकता विधेयक पारित गरि गैर नागरिक झै जिवन जिउन बाध्य भएकाहरुले पनि मुलुकको आम नागरिक झै जिवन जिउने अधिकार पाउनु पर्छ ।

# चतुर चुनावको प्रारम्भिक चर्चा



रोशन जनकपुरी

एउटा हिन्दी फिल्मी गीतलाई थोरै बंग्याएर प्रस्तुत गरौँ : 'हमरे बलमा बेइमान हमे पटियाने आएंगे, चाँदी के जूते से जुतियाने आएंगे ।' चुनावको घोषणा भै सकेको छ । निर्वाचन आयोगले चुनावको कार्यक्रम घोषणा गर्ने बित्तिकै 'चुनावी बलमा'हरु तपाँईको घर दैलोमा पुगेर तपाँई 'पटियाउने' (फकाउने) र चाँदीको जुत्ताले 'जुतियाउने' प्रयत्न गर्छन् । चाँदीको जुत्ता खाने हो वा होइन, यो भने तपाँईमा भर पर्छ ।

हुन त यस हिन्दी गीतले छिमेकी देश भारतको चुनावी राजनीतिको विकृतिप्रति कटाक्ष गर्छ । तर यो, नेपालसहित दक्षिण एसियाको चुनावी राजनीतिको सत्य हो । बुर्जूआ संसदवादीहरुले चुनावलाई लोकतन्त्रको सबैभन्दा ठूलो उत्सव भन्छन् । मतदाताहरुले पनि चुनावलाई धार्मिक उत्सवभन्दा कम ठान्दैनन् । जहाँसुकै भएपनि चुनावको बेला घर आई पुग्छन् । तर परिणामहरुले के देखाएको छ भने संसदिय चुनाव लोकतन्त्रको सबैभन्दा ठूलो मजाक सिद्ध भैरहेको छ ।

बरु चुनाव जनतालाई झूठ बोलेर, आश्वासन दिएर, बेचेर, किनेर, धम्क्याएर भोट लिएर पाँचवर्षको निम्ती भ्रष्टाचार गर्ने तथा पुस्तौँ पुस्ताको निम्ती धन आर्जन गर्न प्रयत्न गर्ने सुअवसर हो ।

यस पटकको चुनावमा पनि नयाँ पात्र देखिने सम्भावना थोरै छ । केही नयाँ देखिएपनि पुरानाहरुकै संगत र मातहतमा र पुरानो प्रवाहमा नै हुनेछन् ।त्यसैले नयाँ हुनेछ भन्ने अपेक्षा निरर्थक नै हुनेछ । सरकारले मंसीर ४गते एकै पटक संसद र प्रदेशको चुनाव गराउने निर्णय गरेको छ । अहिले नेपाली राजनीतिमा भैरहेका चलखेलहरु यसै चुनावलाई केन्द्रमा राखेर भैरहेका छन् ।

एउटा अर्को फिल्मी गीत छ : 'वक्त ने किया क्या हँसी सितम, तुम रहे न तुम, हम रहे न हम ।' यसलाई चुनावी करामात नै भन्नु पर्छ कि विगत पाँच वर्षपहिले एक ठाउँमा रहेका पार्टी कयौँ टुक्रा भएर एउटा पार्टीबाट चहारेर अर्को पार्टी हुँदै फेरी पुरानै नजिक पुग्दै छन्, भने लामोसम्म एकसाथ रहेका पार्टीहरु अलग्गिदैछन् । कुनै बेलाका पार्टीमा नम्बर २को पोजिसनमा रहेका डा. बाबूराम भट्टराई नयाँशक्ति, संघिय समाजवादी, जनता समाजवादी र नेपाल समाजवादी हुँदै फेरै पुरानै माओवादी केन्द्रसंग नाता जोडने तयारीमा छन् । कुनै बेला वैचारिक रुपमा एक अर्काका कट्टर दुश्मन एमाले र माओवादी केन्द्र अघिल्लो चुनावमा एकजुट भएर नेकपा बनेर प्रतिनिधिसभामा लगभग दुई तिहाई सीटमा कब्जा गरेको थियो, भने सातवटा प्रदेशमध्ये छौवटा प्रदेशमा सरकार बनाउन सफल भएको थियो । तर सत्तामा वर्चस्व तथा श्रेष्ठताको प्रतिस्पर्धामा अचेल एमाले एकातिर छ भने माओवादी केन्द्र एमालेबाट नै निस्केको माधवकुमार नेपालको एकीकृत समाजवादीलाई साथमा लिएर नेका अध्यक्ष शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा गठबन्धन सरकार चलाउँदै छ ।

एमाले अध्यक्ष केपी ओलीको सर्वसत्तावादी अहंको कारण नेकपा विभाजित मात्र भएन कि यसबाट माधव नेपाल र झलनाथ खनालको नेतृत्वमा गठन भएको नेकपा एकीकृत समाजवादी देउवाको गठबन्धन सरकारको एउटा घटक छ । एमालेका अर्का नेता वामदेव गौतम कतैपनि नगएर एक्लै पार्टी चलाई रहेका छन् ।

नेपाली कम्युनिस्ट आन्दोलनमा माओवादी र एमालेका दुई भिन्न वैचारिक स्कूल शुरुदेखी छ । यी दुई वैचारिक स्कूलका नेताहरु एक आपसमा प्रतिस्पर्धीको रुपमा देखिँदै आएका छन् । तर चुनावी अवसरको कारण गत चुनावमा एमाले र माओवादी केन्द्रबीच भएको एकतापछि वैचारिक स्कूलको अवधारणा छिन्नभिन्न भएको देखिन्छ । एमालेका कुनै बेलाका ठूला ठूला नेताहरु माओवादी पसेका छन्, भने माओवादीका पुराना नेताहरु एमालेका नेता भएका छन् । यसको कारण दुबै तिरको वैचारिक विचलन नै हो ।

एमाले त बहुदलिय कालदेखी नै वैचारिक विचलनमा परेर सत्ताको अवसरवादमा पतन भएको हो भने माओवादी केन्द्र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणापछि संसदिय प्रणालीमा घरजम गर्न थालेपछि यस्तो अवसरवादी खेलमा प्रवेश गरेको हो ।यस कारण अहिले एउटा हिन्दी उखान जस्तै 'ईसकी टोपी उसके सर' जस्तो स्थिति छ । भाषण माओवादीको छ, नेता एमालेमा छ । भाषण एमालेको बहुदलिय जनवादको छ, नेता माओवादीकेन्द्रमा छ । र, भन्नु परेन, यो सबै राजनीतिक चर्तिकलाको पछाडी सत्ता र पार्टीमा वर्चस्वको चाहना मूल कारण छ ।

चुनावले राजनीतिमा नैतिकताको स्तर कतिसम्म स्खलित गरेको छ, कि आफैले भनेको र गरेको कृत्यहरुलाई नेताहरु आफैले खण्डित गरिरहेका छन् । सरकारले ल्याएको नागरिकता संशोधन विधेयकको एमालेले गरेको विरोध यस्का ताजा उदाहरण हुन् । एमाले नागरिकता संशोधनको विधेयकलाई संकीर्ण राष्ट्रवादसंग जोडेर चुनावी जनमत निर्माण गर्न चाहन्छ ।

यसै सन्दर्भमा, सरकारले पारित हुनको निम्ती राष्ट्रपति कहाँपठाएको नागरिकता संशोधन विधेयकलाई पुनर्विचार गर्न संसदमा फिर्ता पठाउनुले एमालेको अनैतिक उद्देश्यलाई नै बल पुऱ्याउने देखिन्छ । यसले राष्ट्रपतिको विगतको एमाले निकटता अहिलेपनि कायम नै रहेको भनाईहरुलाई समेत बल पुऱ्याउँछ । यसले राष्ट्रपति पार्टी राजनीतिबाट माथी निष्पक्ष रहन्छन् भन्ने बुर्जूआ संसदवादीको दावीलाई खण्डन गर्छ । (उल्लेखनीय छ एमाले सरकारमा रहेको बेला ठ्याक्कै यस्तै नागरिकता संशोधन अध्यादेश राष्ट्रपतिले तत्कालै पारित गरेकी थिइन् । तर सर्वोच्च अदालतले संसदबाट कानून बनाएर मात्र नागरिकता कानून संशोधन गर्ने आदेश गरेपछि उक्त अध्यादेश निरस्त भएको थियो ।)

प्रमाणीकरणका निम्ती पठाइएको विधेयक पुनः विचार गर्न संसदमा फर्काउने सम्वैधानिक अधिकार राष्टपतिलाई छ । यस अर्थमा यो अस्वाभाविक होइन, तर कुनै बेला यस्तै अध्यादेश आउने बित्तिकै पारित गर्नु र यस पटक पुनः विचारको निम्ती संसदमा फर्काउनुले नैतिक प्रश्न खडा गरेको छ । यस नागरिकता विधेयकमा वैवाहिक अङ्गिकृत नागरिकताको निम्ती समय सीमा नराखेर पठाइएको प्रति संकीर्ण राष्ट्रवादीहरुले प्रश्न खडा गरिरहेका छन् । यस्मा कुनै समय सीमा राखेपनि अनुचित हुने थिएन । तर वैवाहिक अङ्गिकृत नागरिकको निहुँमा विस्तारवादीशक्तिले सत्ता कब्जा गर्ने तथा राष्ट्रियता आहत हुने तर्क हास्यास्पद छ ।

> *एमाले अध्यक्ष ओलीको तराई मधेशप्रतिको अनुदारवादी दृष्टिकोण नयाँ होइन, तर सत्ता लालसामा मधेशकेन्द्रित दलहरु मध्ये प्रायः सबै सत्तासुख भोग्न उनिसित गठबन्धन गरेर उनको सरकारमा सत्तासुख भोगेकै हुन् । अहिले देउवा गठबन्धनमा ठाउँ खोजिरहेका लोसपा र जनमत पार्टीलाई गठबन्धनले स्वीकार गरेन भने उनिहरु ओलीसंग तालमेल गर्दैनन् भन्ने भन्न सकिँदेन । उनिहरुको नेताहरुको अस्थिर वक्तव्यहरुले गर्दा यस्तो हुँदैन भन्नेमा विश्वस्त हुने अवस्था छैन ।*

सत्ता शीर्षमा बसेका राजनीतिज्ञ तथा राजनैतिक सँस्कृति नै विस्तारवादीशक्ति सामु घुँडा टेकुआ भएकोमा कुनै चिन्ता छैन ।

यी संकीर्ण राष्ट्रवादीहरुले पत्याएको वंशज नागरिकताधारी मन्त्री तथा सांसदहरु तथा उच्च पदाधिकारीहरु साम्राज्यवादी र विस्तारवादी स्वार्थ सामू खुलेआम बिकेकोमा कुनै चिन्ता छैन । वस्तुतः सत्ता राजनीतिमा विस्तारवादी र साम्राज्यवादीशक्तिको वर्चस्व र सत्ता कब्जा व्यवस्थाको राजनैतिक चरित्रको प्रश्न हो । यस्को निम्ती सत्ताशीर्षमा बसेकाहरु प्रति खबरदारी गर्नु पर्छ ।

तर चुनावी फाइदाको निम्ती एमाले यसलाई नागरिकता विधेयकसंग जोडेर चुनावी एजेन्डा बनाउन चाहन्छ। आवश्यक नै भए वैवाहिक अङ्गिकृत सम्बन्धित प्रावधानमा फेरी संशोधन गरेर समय सीमा तय गर्न सकिन्छ। तर यसै विधेयकसंग जोडिएर रहेको जन्मसिद्ध नागरिकका उमेर पुगेका सन्तानले नागरिकता प्रमाणको अभावमा अनेक दुःख झेली रहेका तथा आगामी चुनावमा योग्य भएरपनि मत दिन नसक्ने स्थितिप्रति एमालेकोअसम्वेदनशीलतालाई उचित मान्न सकिँदैन ।

देशमा संघीयता र गणतन्त्रविरोधी प्रतिगामीशक्तिहरु पुरानो स्थिति फर्काउन वा नभए प्रतिगामी भावनाको बलमा आफ्नो चुनावी स्थिति सुधार्ने दाउमा संकीर्ण राष्ट्रवाद र धार्मिकतालाई हतियारको रुपमा प्रयोग गर्न खोज्दै छ। कमल थापाको हिन्दु राष्ट्र, राजेन्द्र लिङ्गदेनको हिन्दु राजतन्त्र तथा रविन्द्र मिश्रको पूर्व राजा ज्ञानेन्द्रको नाती हृदयेन्द्रलाई राजा बनेको हेर्ने चाहना यस्तै प्रतिगामी गणतन्त्र र जनविरोधी कुकृत्यहरु हुन् । गोर्खाली पहाडिया हिन्दु उच्चजातिय ब्राह्मणवादी अहंकारवादी राष्ट्रवादका पक्षधर यी प्रतिगामी शक्तिहरुले तराई मधेशका जनतालाई पराई नजरले शुरुदेखी नै हेर्दै आएका छन् ।सम्भवतः एमाले आगामी चुनावमा तराई मधेशमा परिणामप्रति विश्वस्त छैन, त्यसैले ऊ संकीर्ण राष्ट्रवादको उत्तेजना सृजना गरेर सकेजति आफ्नो चुनावी स्थिति सुधार्न चाहन्छ ।

देशहितको दृष्टिले नागरिकता संशोधन विधेयक पारित भएपछि तराई मधेशमा एकखालको आश्वस्तता तथा शासनसत्ता प्रतिको आफन्तपनाको भाव दृढ हुनेछ । सम्वैधानिक त्रुटिको निहुँमा नेपाली नागरिकका सन्तानले नागरिकताबाट बञ्चित हुनुपर्दा आफ्नै घरभित्र अपरिचित हुने स्थिति हो । हुनपनि सत्ताको असम्वेदनशीलता र सरकारी लापर्वाहीको कारण नागरिकताको प्रश्नले लगभग पाँच दसकदेखी देशमा अस्थिरताको माहौल सिर्जना गरेको थियो । संघिय गणतन्त्रको आगमनपछि भएका सम्वैधानिक व्यवस्थाहरुले यसलाई धैरै हदसम्म कम गरेको थियो । तर ०७२का सम्विधानमा नागरिकता सम्बन्धी अमूर्त्तता तथा यसै निहुँमा चुनावी स्वार्थले अस्थिरतालाई बल दिई रहेको छ ।

तराई मधेशमा भएका दुई दुईवटा जनआन्दोलन र संघर्ष र सरकारहरुसंगको सम्झौता-सहमतिका बावजूदपनि नागरिकतासम्बन्धी समस्या हल हुनसकेको छैन । देशका जिम्मेवार राजनीतिकशक्तिहरुले यस प्रति सचेत हुनु पर्ने देखिन्छ ।


जन्मसिद्ध नागरिकहरु यसै देशका नागरिक हुन्, र उनिहरुका सन्तानले नागरिकता पाउनु न्यायपूर्ण र नैतिक हुने बुझाईको विकास हुनु आवश्यक छ । नागरिकता संशोधन विधेयक पारित हुन राष्ट्रपति कहाँ गएपछि उनिहरुमा एक खालको सुखद उत्साह देखिएको थियो । राष्ट्रपतिले विधेयक फिर्ता पठाएपछि त्यस उत्साहमा निराशा र हतासाको पानी खनिएको छ । यसलाई समयमै हल गर्न सकिएन भने यो नयाँ अस्थिरताको कारक बन्न सक्छ ।

हुन त राष्ट्रपतिले नागरिकता विधेयक फर्काएपछि मधेशकेन्द्रित दलहरुको आक्रोश समान रुपमा देखिएको छ । मधेशकेन्द्रित दलका नेताहरुले यस्को निम्ती राष्ट्रपतिलाई आलोचनाको निशान बनाई रहेका छन् । तर जहाँसम्म चुनावी गठबन्धनको प्रश्न छ, सके सत्ताधारीसंग गठबन्धन, होइन भने जो सुकैसंग गठबन्धनको मुद्दा उनिहरु देखिएका छन् ।

एमाले अध्यक्ष ओलीको तराई मधेशप्रतिको अनुदारवादी दृष्टिकोण नयाँ होइन, तर सत्ता लालसामा मधेशकेन्द्रित दलहरु मध्ये प्रायः सबै सत्तासुख भोग्न उनिसित गठबन्धन गरेर उनको सरकारमा सत्तासुख भोगेकै हुन्। अहिले देउवा गठबन्धनमा ठाउँ खोजिरहेका लोसपा र जनमत पार्टीलाई गठबन्धनले स्वीकार गरेन भने उनिहरु ओलीसंग तालमेल गर्दैनन् भन्ने भन्न सकिँदेन। उनिहरुको नेताहरुको अस्थिर वक्तव्यहरुले गर्दा यस्तो हुँदैन भन्नेमा विश्वस्त हुने अवस्था छैन।

जनहितको दृष्टिले हेर्दा यस चुनावमापनि नयाँ केही हुनेवाला छैन । उही पात्रहरु तथा उही सत्ता लालसाको नियत यस पटकको चुनावमापनि जनताको हात पर्नेवाला छ । 'चुनावी बलमा'हरु मतदातालाई रिझाउन जतिसुकै नयाँ सजधज र नयाँ राग अलापेपनि पुरानै छन् । अनि के गर्ने त ? आफै सोच्नुस । केही नयाँ सोच्नसके राम्रो । यो चुनावी घनचक्कर हो, पुरानै अक्षमा पटक पटक दोहोरी रहन्छ ।

# जन्मजात हाडजोर्नी विकृतिहरु के-के हुन्?



डा कृष्णप्रसाद पौडेल

जन्मँदै बिग्रेर आउने वा पछि कुनै उमेरमा देखिने तर गर्भावस्थामै हुँदा जिनमा खराबी भएर हुने बिमारहरुलाई जन्मजात स्केलेटल डिफरर्मिटीमा राखिन्छ। हात, खुट्टा वा मेरुदण्डको हड्डीमाथि समस्याहरु हुने गर्दछन् । पुरै अङ्ग नै प्रभावित हुनसक्छ। वंशानुगत वा अनुवांशिक कारण र गर्भावस्थामा हुँदा हुने केही बिमार वा चोटपटकले गर्दा यी समस्याहरु निम्तिन सक्दछन्। गर्भावस्थामा आमाले चिकित्सकसँग परामर्श नगरी औषधि खानाले पनि यस्ता विकृतिहरु शिशुमा देखिन जान्छन्।

हाडहरु छोटा वा बाङ्गो हुन सक्दछन् वा हाड वरिपरीको मांसपेशी र जोर्नीमा खराबी भएर सो अङ्ग नै बाङ्गो देखिन सक्छ। डिस्प्लासियामा हातखुट्टा वा ढाड नै बाङ्गो हुन्छ भने जन्मजात सबै हड्डीहरु छोटा हुने पुड्के मान्छेहरु एकोन्ड्रोप्लासिया भएका हुन्। बच्चा जन्माउने क्रममा चोटपटक वा बल प्रयोग भएर कलरबोन वा हातखुट्टाका साना हड्डीहरु भाँचिन सक्छन् । यसलाई तुरुजत ब्यान्डेज, प्लास्टर गरेमा पूर्ण रुपमा ठिक हुन जान्छन्। अर्थोपेडिक भन्ने विषय वा विधा नै बच्चाहरुका बाङ्गा- टिङ्गा भएका हात-खुट्टाहरु सोझ्याउने उपचार प्रक्रियाबाट सुरु भएको हो जसको सुरुवात निकोलस एन्ड्री भन्ने फ्रान्सेली फिजिसियनले सन् १७४३ मा नै गरेका थिए। हात वा खुट्टाको हड्डीहरुलाई इलिजारोभ भन्ने अपरेसन पद्धतिबाट लामो बनाउन सकिन्छ र थप खुट्टाको हड्डी छोटो भएर लङ्गडो भएमा २ इन्चसम्म जुत्तको उचाइ बढाएर पनि लङ्गडोपनबाट जोगाउन सकिन्छ।

हाडजोर्नीका जन्मजात समस्याहरु धेरै थरिका छन्।

केही मुख्य रुपहरुलाई यहाँ व्याख्या गरिएको छ।

**क्लब फुट**

जन्मजात गोलीगाँठा र पैताला बाङ्गो हुने समस्या धेरै भेटिने र बच्चाअवस्थाबाटै धेरैलाई दुःख दिने समस्या हो। प्रत्येक एक हजार नवजात बच्चामध्ये एकजनालाई यो समस्या हुन्छ भन्ने संसारभरिकै तथ्यांक छ। धेरैजसोमा दुवैवटा खुट्टामा र केहीमा एकवटा खुट्टामा मात्र पनि यो समस्या हुन्छ। यो किन हुन्छ भन्ने पक्का कारण थाहा छैन। कहिलेकाहीँ तल्लो खुट्टामा मात्र यो समस्या नभएर पुठ्ठाको हड्डीमा वा शरीरको अन्य भागमा पनि विकृतिहरु हुनसक्छन्। त्यो पनि जाँच गर्नुपर्ने हुन्छ। शिशु पाठेघरभित्र रहँदा र खुम्चिएर बस्दा खुट्टाहरु दोब्रिएर मात्र पनि सुरुमा यस्तो देखिन सक्छ। यसरी बाङ्गो भएकाहरु साधारण मालिस गर्दागर्दै र पछि दुई-तीनवटा प्लास्टर लगाएपछि नै ठिक हुन्छन्। सबै मानिसले बुझ्न र गर्नसक्ने एउटा तरिका भनेको नवजात शिशुमा गोलीगाँठाको जोर्नीलाई खुम्चाई पैताला माथि धकेल्दा खुट्टाको अघिल्लो भागले नलीखुट्टा छुनुपर्दछ। यसो हुन गाह्रो भयो भने क्लब फुटको शङ्का हुन्छ। धेरैजसो अपरेसन नगरिकन १,२ हप्ताको फरकमा प्लास्टर लगाउँदै फेर्दै गरेर ७-८ पटकजति लगाएपछि ठिक हुन्छ भने केहीलाई प्लास्टर गरिसकेपछि अपरेसन पनि आवश्यक पर्छ। प्लास्टर लगाउने काम बच्चा जन्मेको एक महिनामा सुरु गर्नुपर्दछ।

क्लब फुटमा हड्डीको मात्र समस्या नभएर मांसपेशी, लिगामेंन्ट, टेन्डन सबै तन्तुहरु खुम्चिएका हुन्छन्। त्यसैले कडा खालको क्लब फुटमा अपरेसन गरेर कडा तन्तुहरुलई ढिला गराउनुपर्ने हुन्छ। ३ वर्षभन्दा पछि मात्र बच्चा लिएर चिकित्सककोमा आएको खण्डमा हड्डीको पनि अपरेसन गर्नुपर्ने हुन्छ। अपरेसन र प्लास्टरपछि खुट्टा सामान्य बनावट र साइजमा फर्केपछि पनि १,२ वर्ष कलब फुटका लागि बनाइएको जुत्ता लगाउनुपर्दछ।

दिउँसो जुत्ता लगाएजस्तै गरी राति सुतेको बेलामा भित्रपट्टि फर्किएका क्लब फुटका पैतालाहरुलाई बाहिरपट्टि धकेल्ने डेनिस ब्रोन स्पिलिन्ट लगाउनुपर्ने हुन्छ।

**स्कोलियोसिस (मेरुदण्ड बाङ्गो हुने रोग)**

टाउकाको फेददेखि कम्मरको पुच्छरसम्म बिच भागमा ३३ वटा हड्डीहरु मिलेर मेरुदण्ड पछाडिबाट हेर्दा पुरै सिधा आकारमा रहेको हुन्छ । यो सिधा आकारको मेरुदण्ड दायाँ वा बायाँतिर बाङगियो भने त्यसलाई स्कोलियोसिस भनिन्छ। बिरामी अगाडि झुक्दा बाङ्गोपन हराउँदछ भने यसलाई सामान्य भनिन्छ र ठूलो समस्झा पैदा गर्दैन। तर हड्डीको बनावटमा स्थायी संरचना परिवर्तन भई बाङ्गिएको रहेछ भने स्थायी स्कोलियोसिस भनिन्छ। वा स्ट्रक्चरल स्कोलियोसिस भनिन्छ । स्कोलियोसिस माथिल्लो मेरुदण्ड वा छाती पछाडिको मेरुदण्डमा बढी हुन्छ। किरशोरावस्थामा हुने यस्ता स्कोलियोसिस केटीहरुमा बढी हुन्छ र यिनीहरु खतरनाक हुन्छन्। किनभने हड्डी बढ्ने क्रमसँगै यिनीहरु छिटो-छिटो बढ्दछन् । यस्ता बाङ्गोपनले फोक्सो वा मुटुमा समेत असर पुऱ्याउन सक्दछन् र मान्छेलाई अपाङ्ग नै बनाइदिने खालका हुन्छन्।

यी प्रोगेसिब किशोरावस्थामा हुने मेरुदण्डलाई समयमै अपरेसन गरिहाल्नुपर्ने हुन्छ। अन्य पोजिसनल वा पोस्चुरल बाङ्गोपनलाई अपरेसन गर्नुपर्दैन । स्कोलियोसिस हुने कारण पनि जन्मजात वा अनुवांपशिक नै हो। वंशाणुगत पनि हुनसक्छ। हाम्रो देशमा भन्दा पश्चिमा देशमा र ओरियन्टलहरुलाई यो समस्या बढी देखिन्छ।

१० वर्षभन्दा पहिला खासै नदेखिने र त्यसपछि छिटो बढ्दै जाने हुँदा कपडाभित्र छोपिएर यो नदेखिएको पनि हुनसक्छ। त्यसैले किशोरीहरुको यो बाङ्गोपन अलिक बुढी रहेछ भने दुख्ने पनि हुनसक्छ। अन्यथा पछाडिबाट कपडा पुरै खोलेर हेरेपछि मात्रै यो समस्या थाहा हुन्छ। कब भन्ने तरिकाले बाङ्गोपनको कोण नापिन्छ र यसैबाट उपचारको योजना बनाइन्छ।

कबकोण ३० डिग्रीभन्दा कम रहेछ भने र सन्तुलित खालको बाङ्गोपन भएमा यसलाई बिनाअपरेसन नै उपचार गरिन्छ। सबै खालको बाङ्गोपनलाई ढाडको व्यायाम नियमित गर्नुपर्दछ। ३० डिग्रीभन्दा कमको बाङ्गोपनलाई विशेष खालको पेटीको प्रयोग गरिन्छ । कोणअनुसार बनाइएको पेटी वा ब्रेसलाई परिवर्तन गर्दै लगेर थोरै कोणका बाङ्गोपनलाई क मगर्न सकिन्छ । मांसपेशीहरु व्यायाम र अभ्यासपछि बलिया र ठूला हुन्छन्। जसले मेरुदण्डलाई सपोर्ट गर्छन्।



डा कृष्णप्रसाद पौडेल

अपरेसन गर्दा बाङ्गोपनलाई सकेसम्म सिधा गराइन्छ ।

बढ्न नदिनलाई फ्युज गरिन्छ। यसको प्रकोप धेरै भएको ठाउँमा वा देशमा विद्यालय स्क्रिनिङ कार्यक्रमहरु पनि सञ्चालन गरिन्छ। जसले छिट्टै किशोर-किशोरीको यो समस्या पत्ता लाग्दछ र समयमै उपचा गर्न सकिन्छ। हाम्रो देशमा यस्तो गर्न सकिएको छैन। जन्मजात हुने हाडजोर्नीका विकृतिहरु केही रोकथाम वा न्यूनीकरण गर्न सकिने हुन्छन् भने केही हाम्रो नियन्त्रणभन्दा बाहिर हुन्छन्। न्यूनीकरणको उपाय भनेको गर्भावस्थामा आमाको सन्तुलित स्वस्थ्य नै हो।

सन्तुलित खानपिन र नियमित शारीरिक व्यायाम जरुरी हुन्छ। गर्भावस्थामा धुम्रपान र मध्यपानले प्रतिकुल असर गर्दछ। गर्भावस्थामा नियमित स्वास्थ्य जाँच गर्नुपर्दछ र विकलाङ्ग परीक्षण निकै महत्वपूर्ण मानिन्छ । सही समयमा गरिएको परीक्षणले पनि केही शारीरिक विकृति पहिचान गर्न सकिन्छ। तदनुसार चिकित्सकहरुसँग परामर्श गरी कुनै निक्यौल गर्न सकिन्छ।

प्रविधिको विकाससँगै जन्मजात हुने हाडजोर्नीको विकृतिको पनि विभिन्न पुनर्स्थापनाका उपकरण आविष्कार गरिएका छन्। यसको उचित प्रयोग गरी जीवनयापनमा सहजता ल्याउन गरिएका छन्। यसको उचित प्रयोग गरी जीवनयापनमा सहजता ल्याउन सकिन्छ र मनोबल पनि बढान सकिन्छ।

# राष्ट्रपतिबाट निष्पक्ष अभिभावकीय भूमिका भएनः नेता महतो

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७९ प्रमाणीकरण नगरी फिर्ता गरेर निश्पक्ष एवं अभिभावकीय भूमिका निर्वाह गर्न नसकेको टिप्पणी गर्नुभएको छ।

राष्ट्रपतिबाट नेपाल नागरिकता संशोधन विधेयक, २०७९ फिर्ता भएपछि रासससँग संक्षिप्त कुराकानी गर्दै नेता महतोले विधेयक फिर्ता गरिनु जनताप्रतिको अपमान भएको आरोप पनि लगाउनुभयो।

उहाँले भन्नुभयो, "एउटै विधेयक हिजोको सरकारले ल्याउँदा ठिक र अहिले अर्को सरकारले ल्याउँदा बेठिक भन्ने काम भएको छ, के कति कारणले अहिले ठिक भएन देश र जनतालाई जवाफ दिनुपर्छ।"

सङ्घीय संसदको दुबै सदनबाट पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको नेपाल नागरिकता संशोधन विधेयक, २०७९ राष्ट्रपति भण्डारीले संविधानको धारा ११३ को उपधारा ३ बमोजिम विधेयकमा पुनर्विचार गर्न आवश्यक देखिएको उल्लेख गर्दै आज प्रतिनिधिसभामा नै फिर्ता गर्नुभएको थियो।

नेता महतोले विधेयक फिर्ता हुँदा पद्दतिमाथिनै प्रश्न खडा भएको टिप्पणी पनि गर्नुभयो । उहाँले यस कार्यले संविधान, संस्था, र व्यवस्थालाई नै प्रभावित पार्ने काम भएको प्रतिक्रिया पनि दिनुभयो । "संविधानमा फिर्ता पठाउने अधिकार छ, तर के कति कारणले फिर्ता गरियो जनतलाई स्पष्ट पार्नुपर्छ, संविधान, संस्था व्यवस्था सबैलाई प्रभावित गर्ने काम भएको छ । यसबाट प्रभावित जनता झनै पीडित हुने अवस्था आएको छ । बाँकी प्रक्रिया त अघि बढ्ला तर यस कार्यले संस्थाको भूमिका निश्पक्ष देखिएन भन्ने प्रश्न जन्माएको छ", नेता महतोले भन्नुभयो।

लोसपाका अर्का नेता केशव झाले पनि नागरिकता विधेयक फिर्ता गरेर राष्ट्रपतिबाट निश्पक्ष एवं अभिभावकीय भूमिका निर्वाह हुन नसकेको प्रतिक्रिया दिनुभयो ।रासस

# 'टिम्स' लाई व्यवस्थित र प्रभावकारी बनाइन्छ : पर्यटनमन्त्री श्रेष्ठ



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले पदयात्रा सूचना व्यवस्थापन प्रणाली (टिम्स)लाई व्यवस्थित र प्रभावकारी बनाइने बताउनुभएको छ।

ट्रेकिङ एजेन्सीज् एशोसियशन अफ नेपालको ४४औँ वार्षिक साधारणसभाको सोमबार उद्घाटन गर्दै उहाँले पर्यटन व्यवसायीसँग छलफल गरेर टिम्सको समस्या चाँडो समाधान गरिने बताउनुभएको हो।

"टानले उठाएको टिम्सको समस्यासम्बन्धी विषयलाई कसरी समाधान गर्न सकिन्छ भन्नेबारे तत्काल व्यवसायीसँग छलफल र परामर्श गरेर अगाडि बढ्छौँ, अन्य विषयमा पनि व्यवसायीसँग सहकार्य गरेर अगाडि बढ्ने विश्वास दिलाउन चाहन्छु", उहाँले भन्नुभयो।

मन्त्री श्रेष्ठले आरोहणका लागि हाल खुला गरिएका बाहेक थप हिमाल तथा चुली खुला गर्दै जाने सरकारको नीति रहेको बताउनुभएको हो । "अहिले आरोहणमा नरहेका पाँच हजार ८०० मिटर उचाइदेखि आठ हजार मिटर उचाइसम्मका हिमाल आरोहण अनुमति दिनका लागि मन्त्रालयले योजना अगाडि बढाएको छ, आरोहणका लागि कुन कुन हिमाल उपयुक्त हुनसक्छन् तीनको आरोहण अनुमति प्रक्रिया अगाडि बढाउँछौँ", उहाँले भन्नुभयो । उहाँले नेपालको पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न सरकार तयार रहेको बताउनुभयो । मन्त्री श्रेष्ठले कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्नका लागि सरकारले ७४ बुँदे योजना बनाएर त्यसको कार्यान्वयनका लागि अगाडि बढेको जानकारी दिनुभयो ।रासस

# स्थानीय तह लोकतन्त्रको पहिलो पाठशाला हो, जनताका सुख दु:खमा साथ दिनोस् : प्रधानमन्त्री देउवा

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले स्थानीय तह लोकतन्त्रको पहिलो पाठशाला भएको बताउँदै लोकतन्त्रलाई जगैदेखि मजबुत बनाउन स्थानीय तहदेखि नै कुशल र दुरदर्शी नेतृत्वको छनोट हुन आवश्यक रहेकामा जोड दिनुभएको छ।

उहाँले जनताको सबैभन्दा नजिकैको सरकार स्थानीय तह भएकाले जनताको दुःख सुखमा महलमपट्टी लगाउन सक्ने गरी काम गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "तपाईंहरूले जति चुस्त र प्रभावकारी तवरले सार्वजनिक सेवा प्रवाह गर्न सक्नुभयो, जति प्रभावकारी तवरले विकास निर्माणका कार्यलाई अघि बढाउनसक्नु भयो, जनताले त्यति धेरै सुशासनको अनुभूति गर्न पाउँछन्।

जनताको सरकारप्रतिको भरोसा र विश्वास पनि बढ्ने हुन्छ । अतः यस कुरालाई गम्भीरतासाथ मनन गरी तपाईंहरूले काम गर्ने अपेक्षा लिएको छु ।" स्थानीय तह निर्वाचन-२०७९ मा पार्टीको तर्फबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, पालिकाका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षका लागि आजदेखि सुरु भएको दुई दिने अभिमुखीकरण कार्यक्रममा उहाँले उपलब्ध साधनस्रोतको प्राथमिकीकरण गरेर काम गर्न जनप्रतिनिधिलाई आग्रह गर्नुभयो।

मूलुकमा तीन तहको सङ्घीय शासन प्रणाली लागू भएसँगै संविधानले स्थानीय तहलाई विकास निर्माण र सेवा प्रवाहको क्षेत्रमा विभिन्न महत्वपूर्ण अधिकार र जिम्मेवारी प्रदान गरेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले जनताको शासक होइन सेवक र प्रतिनिधिको रूपमा आफूलाई उभ्याउनुपर्ने बताउनुभयो।

उहाँले जनताको अपेक्षा र भावना बमोजिमको काम सम्पन्न गरेर जनताप्रतिको आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्नुपर्ने बताउँदै स्थानीय सरकारले गरेका काम र प्रदान गरेको सेवा सुविधाको प्रभाव जनतामा प्रत्यक्ष र छिटो पर्ने हुँदा जनताको काम छिटोछरितो ढङ्गले बिना कुनै झन्झट सम्पन्न गरी आम नागरिकमा सुशासनको प्रत्याभूति गराउनु स्थानीय तहको मुख्य




कर्तव्य हो भन्नुभयो । उहाँले जनताप्रति उत्तरदायी बन्दै पारदर्शीता र गुणस्तरीयता कायम गरेर काम गर्न सबै स्थानीय तहका जनप्रतिनिधिको ध्यानाकर्षण गराउनुभयो।

निर्वाचित भइसकेपछि दलीय आग्रहभन्दा माथि उठेर जनताको साझा प्रतिनिधिको रूपमा सबैसँग सौहार्द्रपूर्ण सम्बन्ध र उचित समन्वय कायम गरेर काम गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले एउटा राजनीतिक दलबाट निर्वाचित भएर आए पनि नेतृत्वमा पुगेपछि सबैलाई समेटेर अघि बढ्नसक्नु र विकास निर्माण र सेवा प्रवाहमा मेरो तेरो नभनी सबैलाई बिना भेद्भाव समान पहुँच स्थापित गर्नसक्नु कुशल नेतृत्वको गुण हो भन्नुभयो।

प्रधानमन्त्री देउवाले स्थानीय तहको निर्वाचन सफलतासाथ सम्पन्न भएसँगै मुलुक अहिले प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको सङ्घारमा रहेको बताउँदै आगामी निर्वाचनमा जनताले आफ्नो मताधिकार प्रयोग गर्दा जनप्रतिनिधिहरुले आफ्ना क्षेत्रमा गरेका काम र सेवा प्रवाहमा भएका सुधारलाई मुख्य आधार बनाउने कुरामा कुनै शङ्का नरहेको उहाँले उल्लेख गर्नुभयो।

जनताको मन जित्ने गरी, भ्रष्टाचार नगरी, विधिसम्मत् तरिकाले काम गरी बढीभन्दा बढी जनताको मत प्राप्त गरी आगामी प्रदेश तथा प्रतिनिधिसभा चुनावमा कांग्रेसलाई बहुमत दिलाउन प्रयासरत रहन उहाँले आग्रह गर्नुभयो। कांग्रेस लोकतन्त्र र प्रजातन्त्रप्रति अटुट आस्था राख्ने मुलुककै सबैभन्दा ठूलो प्रजातान्त्रिक पार्टी भएको र मुलुकमा २००७ सालदेखि २०६२/६३ सम्मका प्रत्येक जनक्रान्ति र आन्दोलनमा कांग्रसको निर्णायक भूमिका रहेको अवगत गराउँदै उहाँले भन्नुभयो, "यसरी गौरवपूर्ण राजनैतिक इतिहास बोकेको पार्टीका जनप्रतिनिधि हुन पाउनु तपाईंहरू सबैका लागि प्रतिष्ठाको विषय हो। अतः तपाईंहरूले कार्यसम्पादन गर्दा पार्टीको गौरवपूर्ण इतिहासलाई थप उजिल्याउने र नयाँ पुस्तालाई प्रेरणा र प्रोत्साहन मिल्ने गरी गर्न आवश्यक छ।

यसले नयाँ पुस्तालाई पनि तपाईंबाट सिक्न अभिप्रेरित गर्नेछ ।" अबको एकमात्र उद्देश्य भनेको मुलुकको द्रुतआर्थिक रूपान्तरण गरी समग्र नेपाली जनताको जीवनस्तरलाई माथि उठाउने रहेको उल्लेख गर्दै उहाँले जनप्रतिनिधिले काममा पारदर्शीता, गुणस्तरीयता र जवाफदेहिता सुनिश्चित गर्नु आवश्यक रहेको बताउनुभयो।

**गठबन्धनबाटै सफलता**

प्रधानमन्त्री देउवाले विभिन्न पाँच दलीय गठबन्धन गरेर नै हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सफलता प्राप्त भएको उल्लेख गर्दै आगामी आम निर्वाचनमा पनि गठबन्धनबाटै सफलता हासिल हुने विश्वास व्यक्त गर्नुभयो । यसका लागि छलफल सुरु गरिसकेको र चाँडै निष्कर्षमा पुगिने उहाँको भनाइ थियो। उहाँले उम्मेदवारी धेरै स्थानमा दिने भन्दा पनि धेरै स्थानमा विजयी हुने विषय पार्टीका लागि महत्वपूर्ण हुने बताउनुभयो।

साथै उहाँले न्यायपूर्वक टिकट वितरण हुनेमा आश्वस्त पार्दै जनता भन्दा ठूलो कोही नभएकाले जनताको मन जित्ने गरी काम गर्न आग्रह गर्नुभयो। जनताको समर्थनका लागि पार्टीका सबै साथीहरुले जनताको दिल जितेर काम गर्नुपर्ने उहाँले बताउनुभयो। कार्यक्रममा पार्टी उपसभापति धनराज गुरुङले स्थानीय जनप्रतिनिधिलाई जनताका काम जिम्मेवारीपूर्वक पारदर्शी रुपमा गर्न आग्रह गर्नुभयो। उहाँले जनताका प्रश्नको जवाफ कामले दिनुपर्ने बताउँदै चुनावी घोषणा र प्रतिबद्धताअनुसार काम गर्न जनप्रतिनिधिलाई आग्रह समेन गर्नुभयो । स्थानीय तहका पदाधिकारी नै पार्टीको जग भएकाले आगामी निर्वाचनमा कांग्रेसको पक्षमा बहुमत प्राप्त गर्नका लागि भूमिका खेल्न उल्लेख गर्नुभयो।

कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा ललितपुरको हेरिटेज गार्डेन, सानेपामा आयोजित कार्यक्रममा कांग्रेसबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख ३४, उपप्रमुख २३, नगरपालिकाका प्रमुख १४१, उपप्रमुख ११०, गाउँपालिका प्रमुख १८८, उपाध्यक्ष १९० लाई निमन्त्रणा गरिएको थियो। यस बाहेक उक्त कार्यक्रममा कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको पनि उपस्थिति रहेको पार्टी कार्यालयले जनाएको छ । कार्यक्रमको पहिलो दिन आज उद्घाटनपछि संविधान, स्थानीय तह, राजस्व, तीनै तहका सरकारको अन्तरसम्बन्धलगायत क्षेत्रका विज्ञहरु काशिराज दाहाल, जगदीश भट्टराई, डा विश्वनाथ पौडेल र सन्तोषमणि नेपालले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुहुनेछ।

यसैगरी दास्रो दिन पार्टीका उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, नेता एवं गृहमन्त्री बालकृष्ण खाण, प्रवक्ता डा प्रकाशशरण महतले प्रशिक्षण दिनुहुने कार्यक्रम तय भएको छ ।रासस

# सांस्कृतिक सम्पदाको खोजी र प्रकाशनका लागि प्रधानमन्त्रीको आग्रह




काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले प्रत्येक जातजातिका कला र संस्कृतिका विशिष्ट सम्पदाको खोजी गरी त्यस्ता अपार बौद्धिक सम्पत्ति प्रकाशनमा ल्याउनुपर्ने बताउनुभएको छ। नेपाल प्रज्ञा प्रतिष्ठान, प्राज्ञसभाको ३७ औँ बैठकको सोमबार उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले देशका कला, संस्कृति, साहित्य, दर्शन र समाजशास्त्र देशलाई चिनाउने विशिष्ट गहना भएकाले मुलुकको भौतिकसँगै यस क्षेत्रको विकासमा पनि उत्तिकै ध्यान दिनु आवश्यक रहेको बताउनुभएको हो।

प्रतिष्ठानका प्रमुख संरक्षकसमेत रहनुभएका प्रधानमन्त्री देउवाले कुनै पनि देशको विकास भौतिक विकाससँग मात्रै दाँज्न नमिल्ने बताउनुभयो । उहाँले कला, संस्कृति, इतिहास, दर्शन र साहित्यको संरक्षण तथा प्रवर्द्धन भएमा मुलुकलाई विश्व समुदायले पहिचान दिने स्पष्ट गर्नुभयो।

प्रज्ञा प्रतिष्ठानले नेपालको कला, साहित्य र संस्कृतिलाई देश विदेशमा चिनाउन महत्वपूर्ण योगदान दिएको उहाँले उल्लेख गर्नुभयो । प्रधानमन्त्री देउवाले मित्रराष्ट्रका प्राज्ञिक निकायसँगको साहित्यिक एवं प्राज्ञिक क्षेत्रमा सहकार्य र सांस्कृतिक आदानप्रदानका लागि सम्झौता गरेकोमा प्रतिष्ठानको नेतृत्वलाई धन्यवाद दिँनुभयो। उहाँले यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने जनाउनुभयो।

उहाँले प्रतिष्ठानले नेपाल चिनाउने ग्रन्थ प्रकाशनका क्रममा 'नेपाल दर्पण' परियोजनाअन्तर्गत मधेस प्रदेशको दर्पण चाँडै प्रकाशन हुन लागेको तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सङ्ग्रहालयको चाँडै उद्घाटन गर्न लागिएकामा खुसी व्यक्त गर्नुभयो । सो क्रममा सरकारबाट हुने सहयोग र सद्भावका लागि आफू तत्पर रहेको प्रधानमन्त्री देउवाले विश्वास दिलाउनुभयो । सो अवसरमा प्रधानमन्त्री देउवाले प्रज्ञा प्रतिष्ठानको 'इबुक एप' को शुभारम्भ गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जीवनराम श्रेष्ठले नेपालका सम्पूर्ण साहित्यकारका बीचमा प्राज्ञिक नेतृत्व प्रदान गरी नेपालको गौरवलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन प्रतिष्ठानले प्रशंसनीय काम गरेको बताउनुभयो। मन्त्री श्रेष्ठले दक्षिण एसियाली मुलुक र अन्य केही मुलुकसँग दौत्य सम्बन्ध कायम गरेर अनुवाद साथै आदानप्रदानका अन्य काम गरेर नेपाली साहित्य र संस्कृतिको अन्तर र्राष्ट्रिय विस्तारमा प्रतिष्ठानले अनुकरणीय काम गरेको बताउनुभयो।

प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले साहित्यिक क्षेत्रका महत्वपूर्ण योजना सञ्चालनका लागि सरकारबाट बजेट वृद्धि हुनुपर्ने माग गर्नुभयो। स ा े अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुँयाल, पूर्व कुलपति वैरागी काँइला, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो।

विसं २०१४ असार ९ गते नेपालको भाषा, साहित्य, कला, संस्कृति, दर्शन र सामाजिकशास्त्र, विज्ञान-प्रविधिको अध्ययन, अनुसन्धान, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्राज्ञिक विचार-गोष्ठी, कार्यशाला/सम्मेलन आयोजना, नेपाल र मित्रराष्ट्रका प्राज्ञिक संस्थासँग भाइचारा सम्बन्ध कायम गरी प्राज्ञिक आदानप्रदान गर्ने उद्येश्यले प्रतिष्ठानको स्थापना भएको हो। नेपालको प्राज्ञिक गौरवलाई अध्ययन, अनुसन्धान, अनुवाद र प्रकाशनका माध्यमबाट विश्वव्यापी फैलाउने, विश्वको आधुनिक ज्ञान-विज्ञान र परम्परासँग सम्बन्धित प्रविधि नेपालमा भित्र्याउने प्रतिष्ठानको लक्ष्य छ।

सुरुमा नेपाली साहित्य कला एकेडेमीका नाममा स्थापना भएको यो समय क्रममा 'नेपाल एकेडेमी', 'रोयल नेपाल एकेडेमी' र 'नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान' हुँदै विसं २०२६ मा कानुनी मान्यता पाएको थियो । गणतन्त्रको स्थापनासँगै साविक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा रहेका ललितकला र सङ्गीत-नाट्य विधाका निम्ति अलग्गै प्रज्ञा-प्रतिष्ठानको गठन गर्ने व्यवस्था गरिएको थियो ।रासस

# न्याय दिलाउन सरकारले भरमग्दुर प्रयास गर्छ : कानूनमन्त्री

काठमाण्डु । कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले निहारिका राजपुतलाई न्याय दिलाउन सरकारले भरमग्दुर प्रयास गर्ने बताउनुभएको छ।

त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा उपचाररत राजपुतलाई आज भेटेर कानूनमन्त्री कोइरालाले अनशन स्थगित गर्न आग्रह गर्नुभयो । महोत्तरीस्थित जलेश्वर नगरपालिका-९ निवासी निहारिका बलात्कारबाट जन्मिएको आफ्नो बच्चा र बलात्कार गर्ने पुरुषको डिएनए जाँचको माग राख्दै आमरण अनशन बस्नुभएको छ।

वसन्तपुरमा एक सातादेखि आमरण अनशन बसेकी निहारिकाले यही साउन २७ गते राष्ट्रपति भवन अगाडि शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेपछि प्रहरीले उहाँलाई नियन्त्रणमा लिएर उपचारका लागि त्रिवि शिक्षण अस्पतालमा भर्ना गरेको थियो।

कानूनमन्त्री कोइरालाले जिल्ला अदालतको फैसला चित्त नबुझे उच्च अदालतसम्म जाने बाटो खुला भएको र उच्च अदालतले दुवै पक्षलाई बोलाएको अवस्थामा अनशन बस्नुको औचित्य नभएकाले अनशन स्थगित गर्न सरकारको पक्षबाट निहारिकालाई आग्रह गरिएको जानकारी दिनुभयो। निहारिकाको मागबारे सरकार गम्भीर रहेको उहाँको भनाइ थियो।

भेटमा निहारिकाले सोचेर आफ्नो राय व्यक्त गर्ने बताउनुभएको छ । भेटमा महान्यायाधिवक्ता खम्बबहादुर खाती, काठमाडौँका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाल, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका कार्यकारी निर्देशक प्राडा दिनेश काफ्ले, जिल्ला प्रहरी कार्यालय काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहरा, प्रहरी वृत्त महाराजगञ्जका प्रमुख प्रहरी नायब उपरीक्षक अङ्गुर जिसीलगायतको सहभागिता थियो ।रासस

# कारागार र बन्दीको न्यूनतम सुविधा सरकारले व्यवस्थापन गर्छ : गृहमन्त्री खाण

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले देशैभरका कारागारको भौतिक संरचना निर्माण र बन्दीहरुले प्राप्त गर्नुपर्ने न्यूनतम सुविधा व्यवस्थापनमा सरकार अघि बढेको बताउनुभएको छ। कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा आज उहाँले देशैभरका कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको स्वीकार गर्दै व्यवस्थापकीय सुधारमा प्रयत्नशील रहेको बताउनुभयो।

चार स्थानमा नयाँ कारागार भवन निर्माण भइरहेको छ र यसै वर्ष आठवटा नयाँ कारागार भवन निर्माणका लागि बजेट व्यवस्था भएको छ, गृहमन्त्री खाणले भन्नुभयो, "विगत धेरै वर्षअघि निर्माण भएको कारागार सहरका बीचमा परेको र जग्गा अभावका कारण समस्या परेको छ, कारागारहरुलाई खुला स्थानमा स्थानान्तरण गर्ने सोच रहेको छ।'

उहाँले कारागार र कैदीबन्दीको व्यवस्थापनमा थुप्रै चुनौतीहरु रहे पनि संसद्मा विचाराधीन कारागार विधेयक आएपछि केही सहज हुने बताउनुभयो।

सांसद लालबहादुर थापाले सुर्खेत, मुगु र जुम्ला जिल्लाको कारागार अनुगमनसम्बन्धी प्रतिवेदनको निष्कर्ष प्रस्तुत गर्दै क्षमताभन्दा बढी कैदीबन्दी राखिएको, न्यूनतम सुविधा पनि प्राप्त गर्न नसकेको, राज्यको उपस्थितिको अनुभव नै गर्न नपाएकोलगायत कर्णालीमा बालसुधार गृह नरहेको जानकारी गराउनभुयो।

सांसद शेरबहादुर तामाङले रौतहट र धनुषा जिल्लामा प्रहरी हिरासतमा मृत्यु भएका व्यक्तिहरुको सम्बन्धमा स्थलगत अध्ययन भ्रमण प्रतिवेदनको निष्कर्ष प्रस्तुत गर्दै घटनामा कैफियत देखिएको र थप अनुसन्धान हुनुपर्ने देखिएको, प्रहरी अनुसन्धान र प्रतिवेदन प्रभावकारी हुन नसकेको, मानव अधिकारका दृष्टिकोणले हिरासतमा भएको मृत्यु गम्भीर रहेको बताउनुभयो।

यस्तै, सांसद अतहर कमाल मुसलमानले बाँके र बर्दियाको कारागार तथा बर्दियाको मधुवन घटनासम्बन्धी अनुगमन प्रतिवेदनको निष्कर्ष प्रस्तुत गर्दै कतिपय घटना यथार्थभन्दा फरक ढङ्गबाट त्यसको निष्कर्ष आउने गरेको जानकारी गराउनुभयो । सांसद मीन विश्वकर्माले मोरङ, सुनसरी र इलाम जिल्लाको कारागार अनुगमनसम्बन्धी प्रतिवेदनको निष्कर्ष प्रस्तुत गर्दै अधिकांश कैदीबन्दीको जीवन कष्टकर बनेको, पानीको समस्याका कारण रोग फैलिने गरेको, बन्दीले आफ्नो मुद्दाको सुनुवाइमा उपस्थित हुन नपाएको र कैदीबन्दी बीचमा पनि भेदभाव रहेको अवस्था भएको सुनाउनुभयो ।रासस

**गणेशमान चारनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिरेन्द्र बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०४/३१**

गणेशमान चारनाथ नगरपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघ सस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/०८० देखि शुरु हुने गरी बहुवर्षिय कृषि तथा पशु बिकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट https://ganeshmancharnathmun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन।

**प्रमुख प्रशासकिय अधिकृत**

# बर्षाका कारण मृत्यु हुनेको सङ्ख्या १९६ पुग्यो



एएनआई

बालुचिस्तान । पाकिस्तानको बालुचिस्तानमा बर्षाजन्य घटनामा परी थप आठ जनाको मृत्यु भएको छ । योसँगै पछिल्लो प्राकृतिक प्रकोपमा परी पाकिस्तानमा मृत्यु भएकाहरुको सङ्ख्या १९६ पुगेको छ ।मृत्यु भएका मध्ये ९६ जना पुरुष रहेका छन भने ४५ जना महिला छन् । त्यसैगरी ५५ जना बालबालिकाको मृत्यु भएको जनाइएको छ ।

बर्षाका कारण बालुचिस्तानका धेरै ठाउँमा आएको बाढी पहिरोकाले मानवीय र भौतिक क्षति गरेको छ। बाढी पहिरोका कारण पछिल्लो तीन दिनमा ८१ जना घाइते भएका छन् । उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको अधिकारीहरुले जनाएका छन् । प्राकृतिक प्रकोपमा परी एक लाख सात हजार ३७७ पशु चौपायाहरु पनि परेको प्रान्तीय प्रकोप व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

बालुचिस्तानको बोलान, क्वेटा, झोव, डाक्की, खुज्डर, कोलु, केच, मस्तुङ, हर्नाइ, क्विला साइफुल्लाह र सिब्बीमा बाढी पहिरोले मानवीय क्षति गरेको हो । बाढी पहिरोले सडक यातायात सेवा, विद्युत, सञ्चारलगायतका सेवा पनि प्रभावित भएका छन् । ती सेवा सुचारु गर्नका लागि प्रयास भइरहेको अधिकारीहरुको भनाई छ । बाढी पहिरोले मानिसहरु बस्ने घरहरुमा पनि ठूलो क्षति पुऱ्याएकाले क्षतिग्रस्त घरका बासिन्दा विस्थापित भएका छन्। उनीहरुलाई अस्थायी शिविरमा राखिएको छ । स्थानीय एक अधिकारीका अनुसार क्विला साइफल्लाहमा मात्रै झण्डै १२० घर क्षतिग्रस्त भएको पाइएको छ ।

# रूश्दीको आक्रमणकारीसँग इरानको सम्बन्ध नरहेको दाबी

सिन्ह्वा

तेहरान । इरानले विश्व प्रसिद्ध लेखक सलमान रूश्दीमाथि अमेरिकामा छुरा प्रहार गर्ने आक्रमणकारीसँग आफ्नो कुनै सम्बन्ध नरहेको बताएको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले पत्रकार सम्मेलनमा भारतीय मूलका उपन्यासकार रूश्दीको छुरा प्रहार र इस्लामिक गणतन्त्र इरानबीच कुनै सम्बन्ध नरहेको बताउनुभएको हो । आफ्नो पुस्तक 'द स्याटेनिक भर्सेज'का कारण ज्यान मार्ने धम्की खेपिरहेका रूश्दीलाई गत साता पश्चिमी न्यूयोर्क राज्यमा एक कार्यक्रमस्थलमा छुरा प्रहार गरिएको थियो ।

अमेरिकी राष्ट्रपति जो बाइडन, बेलायती प्रधानमन्त्री बोरिस जोन्सनलगायत विश्वका कैयौँ नेताले घटनाको निन्दा गर्नुभएको छ। सन् १९८१ मा आफ्नो उपन्यास 'मिडनाइट्स चिल्ड्रेन' बाट चर्चा कमाएका भारतीय मूलका बेलायती उपन्यास तथा निबन्धकार रूश्दीलाई आक्रमणपछि तत्काल हेलिकोप्टरमार्फत अस्पताल लगी उपचार गरिएको थियो ।

सन् १९८८ मा प्रकाशित उनको पुस्तक 'द स्याटानिक भर्सेज'ले मुसलमान समुदाय र प्रोफेट मोहम्मदको अपमान गरेको भन्दै तत्कालीन इरानी नेता अयातुल्ला रुहोल्ला खोमेनीले उहाँविरूद्ध फतवा जारी गरेपछि निजी सुरक्षाका कारण उहाँले लामो समयसम्म भूमिगत जीवन बिताउनुभएको थियो ।

आइतबार न्युयोर्क राज्यमा एक साहित्यक कार्यक्रमका क्रममा छुरा प्रहार भएपछि घाइते रूश्दीलाई तत्काल भेन्टिलेटरको सहायतामा उपचार गरिएको थियो । अहिले उहाँलाई भेन्टिलेटरको सहायता बिना नै उपचार भइरहेको र उहाँको स्वास्थ्य सुधारोन्मुख रहेको बताइएको छ ।

# मैत्रीपूर्ण खेलका लागि युगलकिशोर राई सहायक प्रशिक्षक नियुक्त

काठमाण्डु । आगामी असोजमा हुने बंगलादेशविरूद्धको मैत्रीपूर्ण खेलका लागि युगलकिशोर राई राष्ट्रिय फुटबल टिमको सहायक प्रशिक्षक नियुक्त भएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सोमबार राईसँगै गोलरक्षक प्रशिक्षकमा विनोद डंगोललाई नियुक्त गरेको हो ।



यसअघि नै एन्फाले प्रदीप हुमागाईँलाई मुख्य प्रशिक्षक नियुक्त गरिसकेको छ । नेपालले असोज १९ गते बंगलादेशसँग काठमाडौंमा मैत्रीपूर्ण फुटबल खेल्ने कार्यक्रम तय भएको छ। यसका लागि एन्फाले आइतबार अनुभवी र नयाँ गरी ४० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ ।

मैत्रीपूर्ण खेलका लागि यसअघि नियमित मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले २६ जना खेलाडीको सूची एन्फामा पठाएका थिए। तर एन्फाले उक्त सूची खारेज गर्दै कार्यवाहक प्रमुख प्रशिक्षक प्रदिप हुमागाईंको सिफारिसमा ४० जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो।

अलमुताइरीसँगको विवादका कारण टिमबाट बाहिरिएका १० मध्येका ९ जना खेलाडी टोलीमा फर्किएका छन्। प्रशिक्षकसँगको विवादपछि कप्तान किरणकुमार लिम्बु, सुजल श्रेष्ठ, रोहित चन्द, अनन्त तामाङ, अन्जन विष्ट, तेज तामाङ, सुमन लामा, विशाल राई, विमल घर्तीमगर, विशाल श्रेष्ठ टिमबाट बाहिरिएका थिए। लामा नेपालमा नभएकाले टोलीमा परेका छैनन्।

# किनमेल केन्द्रमा विस्फोट हुँदा ६ जनाको मृत्यु

सिन्ह्वा

येरेवान । आर्मेनियाको राजधानी येरेभानको एक बजारमा भएको ठूलो विस्फोटमा कम्तिमा छ जनाको मृत्यु भएको छ भने १७ जना अझै बेपत्ता रहेको देशको आपतकालीन अवस्था मन्त्रालयले सोमबार जनाएको छ ।

मन्त्रालयका अनुसार २८ जना अझै अस्पतालमा भर्ना छन् । विस्फोट पछि तीन तले भवन ध्वस्त भएको थियो। अहिले ३५० अगानि नियन्त्रक र उद्धारकर्ताहरू अहिले त्यहाँ उद्धारमा जुटिरहेका छन्।

आर्मेनियाका प्रधानमन्त्री निकोल पाशिन्यानले सोमबार उद्धार कार्यको निरीक्षण गरेका समेत गर्नु भएको छ । घटनाको कारणबारे अनुसन्धान जारी छ ।

# मोडर्नाको नयाँ खोपलाई अनुमति प्रदान

एएफपी

लण्डन। बेलायतको औषधि नियामक निकायले सोमबार कोरोना भाइरसविरुद्धको अद्यावधिक मोडेर्ना खोपलाई उपचार प्रयोगका लागि स्वीकृति दिएको छ। 'मेडिसिन एन्ड हेल्थकेयर प्रोडक्ट्स रेगुलेटरी एजेन्सी'ले एक विज्ञप्ति जारी गर्दै बेलायती नियामकको सुरक्षा, गुणस्तर र प्रभावकारिताको मापदण्ड पूरा गरेको पाइएपछि वयस्कका लागि खोपको अतिरिक्त मात्रा प्रयोगका लागि स्वीकृति दिएको जनाएको छ।

बेलायती नियामक निकायले स्वीकृत गरेको यो पहिलो 'बाइभ्यालेन्ट' कोभिड-१९ खोप हो । उक्त निकायका प्रमुख कार्यकारी जुन राइनले क्लिनिकल परीक्षणको तथ्याङ्कले यसले मूल भाइरस र ओमिक्रोनविरुद्ध 'बलियो प्रतिरक्षा प्रतिक्रिया' लाई प्रेरित गरेको देखाएको बताउनुभयो ।

सन् २०१९ को अन्त्यतिर चीनमा पहिलो पटक लागेको कोभिडबाट अस्पताल भर्ना हुने र मृत्यु हुनेको संख्या कम गर्न खोपले मद्दत गरेको भए तापनि हालको खोप मुख्यतया रोगको पहिलेको स्ट्रेनलाई लक्षित गरिएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले गत जुलाईमा ओमिक्रोन उपप्रजातीको फैलावट र नियन्त्रणका उपायहरू हटाइएका कारण अझै महामारी अन्त्य नभएको बताएको थियो ।

# इरानले आणविक वार्ताको 'अन्तिम' प्रस्ताव सोमबार बुझाउने

एएफपी

तेहरान । इरानका विदेशमन्त्रीले सन् २०१५ मा विश्वशक्ति राष्ट्रसँग भएको आणविक सम्झौतालाई पुनर्जीवित गर्ने विषयमा तेहरानले आफ्नो 'अन्तिम' प्रस्ताव सोमबार प्रस्तुत गर्ने बताउनुभएको छ ।

अमेरिकी पक्षले इरानबाट आएका दुई मागलाई मौखिक रूपमा स्वीकारेको छ,' सरकारी समाचार संस्था आइआरएनएले होसेन अमिर अब्दोल्लाहियानलाई उद्धृत गरी उल्लेख गरेको छ ।



उहाँले भन्नुभयो, "हामी हाम्रो अन्तिम प्रस्ताव सोमबार रातिसम्म लिखित रूपमा पठाउनेछौं ।'

'यदि हाम्रो राय स्वीकार गरियो भने हामी विदेशमन्त्रीहरूको बैठकमा सम्झौता टुङ्ग्याउन र सम्झौता घोषणा गर्न तयार छौं,' उहाँले भन्नुभयो ।

इरानले सन् २०१५ मा भएको ऐतिहासिक सम्झौतालाई जोगाउन भियनामा भएको अन्तिम सम्झौतालाई स्वीकार गर्न सक्ने आईआरएनएको समाचारमा शुक्रबार जनाइएको थियो ।

सन् २०१८ मा तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा अमेरिका सम्झौताबाट अलग्गिएपछि यो सम्झौता असफल भएको थियो ।

युरोपेली संघका विदेश नीति प्रमुख जोसेप बोरेलले जुलाई २६ मा पेश गरेको प्रस्तावमा तेहरानको प्रतिक्रियाको पर्खाइमा प्रमुख शक्तिराष्ट्रहरु रहेका छन् । इरानी एकजना कूटनीतिज्ञले नाम उल्लेख नगर्ने शर्तमा भन्नुभयो, "यदि अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीसँग विचाराधीन मुद्दाहरूमा उनीहरूले इरानलाई प्रतिबन्ध र सुरक्षासँग सम्बन्धित विभिन्न बुँदाहरूमा आश्वासन प्रदान गर्दछन् भने इरानलाई युरोपेली संघका प्रस्तावहरू स्वीकार्य हुनसक्छन् ।'

बेलायत, चीन, फ्रान्स, जर्मनी, इरान र रूसका साथै अप्रत्यक्ष रुपमा संयुक्त राज्य अमेरिकाले एक महिना लामो अन्तरालपछि अगस्टमा आणविक सम्झौताका लागि वार्ता पुनः सुरु गरेका थिए ।

सम्झौतालाई पुनःजीवित गर्न युरोपेली संघ (ईयू) समन्वयित वार्ता अप्रिल २०२१ मा सुरु भएको थियो र मार्चमा रोकिएको थियो ।

युरोपेली संघ (ईयू) ले गत मंगलबार तेहरान र वासिङ्टनले सम्झौतालाई असफल बनाउने उद्देश्यले गरिएको 'अन्तिम' पाठको 'चाँडै' जवाफ दिने अपेक्षा गरेको बताएको थियो । अमिर अब्दुलाहियानले भन्नुभयो,"लामो वार्तापछि हाम्रो लागि महत्वपूर्ण कुरा भनेको व्यवहारमा प्रतिबन्ध हटाइएको छ कि छैन भन्ने कुराको प्रमाणीकरण हो ।'

# इरानी प्रतिनिधिमण्डल काबुलमा

एएनआई

काबुल । सीमा विवादलाई लिएर इरान र अफगानिस्तानबीच तनाव बढ्दै गएपछि काबुलस्थित इरानी दूतावासले सीमा विवादबारे छलफल गर्न विदेश उपमन्त्रीको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल तालिबान अधिकारीहरुसँग वार्ता गर्न काबुल आइपुगेको बताएको छ ।

अफगानिस्तानका लागि इरानका विशेष प्रतिनिधि हसन काजेमी कोमीले सीमा द्वन्द्व रोक्न संयुक्त इरान-अफगान समिति गठन गरेको घोषणा गरेपछि प्रतिनिधिमण्डलले काबुल भ्रमण गरेको हो। आइतबार राती इरानको हिरमान्ड क्षेत्रमा इरानी सेना र तालिबान सेनाहरू बीच भएको सीमा विवाद भएको थियो ।

इरानसँग सीमा जोडिएको निमरुज प्रान्तको कांग जिल्लाको दरविश क्षेत्रमा भएको भिडन्तमा परी एक तालिबान लडाकू मारिएका छन् भने अर्को एक जना घाइते भएका तालिबान सीमा कमाण्डर मोहम्मद इब्राहिम हेवादलाई उद्धृत गर्दै खामा प्रेसले जानकारी दिएको छ ।

आइतबारको गोली हानाहानमा दुवै पक्षले एक अर्कालाई पहिलो गोली हानेको आरोप लगाएका छन् । इरानको इस्लामिक गणतन्त्रका सीमा गार्डहरू र तालिबान सेनाहरू बीच झडप भएको इरानी सञ्चार माध्यमले जानकारी दिएको छ ।

# अफगानिस्तानमा बाढीका कारण ३२ जनाको मृत्यु, २० घाइते



एएनआई

काबुल । अफगानिस्तानको परवान प्रान्तको शिनवारी र सिया गार्द जिल्लाहरूमा बाढीका कारण कम्तीमा ३२ जनाको मृत्यु भएको छ भने २० भन्दा बढी घाइते भएका छन्।

यो सँगै सयौं घर ध्वस्त भएको स्थानीय अधिकारीले बताएका छन् । प्रान्तीय सूचना तथा संस्कृति विभागका प्रमुख शम्स रहमान सादेक्कीले सयौं घर ध्वस्त भएको टोलो न्युजललाई बताएका छन् । अफगानिस्तानमा भारी वर्षा र अचानक आएको बाढीले सो क्षति पुर्याएको छ ।

अफगानिस्तानको लोगार, वार्दक र खोस्ट प्रान्तमा महिला र बालबालिकासहित कम्तीमा २१ जना घाइते पनि स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएका छन् ।

देशको पूर्वी र मध्य क्षेत्रमा अवस्थित तीन प्रान्तहरूमा विगत केही दिनदेखि परेको भारी वर्षा र अचानक आएको बाढीले ठूलो सत्_यामा गाउँ-बस्तीहरू प्रभावित गरेको खामा प्रेसले उल्लेख गरेको छ । साथै बाढीले पोल-ए-आलमका थुप्रै ठाउँहरू बगाएको छ। बाढीले सयौं आवासीय संरचना, हजारौं एकड खेतबारी र दर्जनौं बगैंचामा क्षति पुर्याएको पनि स्थानीयबासीले बताएका छन् ।

यस क्षेत्रमा सयौं परिवार घरबारविहीन बन्दै विस्थापित भएका छन् । साथै दक्षिण-पूर्वी अफगानिस्तानको पक्तिया, मैदान वर्दक र खोस्ट प्रान्तहरूमा पनि बाढीले आर्थिक र मानवीय क्षति पुर्याएको खामा प्रेसले जनाएको छ । यसै बीच करिब दुई साताअघि अफगानिस्तानको पूर्वी नुरिस्तान प्रान्तको एउटा गाउँमा बाढीले बगाउँदा महिला र बालबालिकासहित ४० जनाभन्दा बढीको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए।

अफगानिस्तानको पन्जशिर र तखार प्रान्तमा भीषण वर्षा र अचानक आएको बाढीले ठूलो धनजनको क्षति गरेको बताइएको छ । भारी वर्षाले करिब २,९०० घरमा क्षति पुर्याएको छ । सडक र पुलहरू जस्ता महत्त्वपूर्ण नागरिक पूर्वाधारहरू पनि प्रभावित भएका छन् । यो सँगै गत महिना अफगानिस्तानमा मनसुनी वर्षा र बाढीका कारण करिब ४०० जनाको ज्यान गएको बताइएको छ।

# भारतमा चौध हजारभन्दा बढी कोरोना सङ्क्रमित

सिन्ह्वा

नयाँदिल्ली । भारतमा एकै दिनमा १४ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले सोमबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १४ हजार नौ सय १७ नयाँ सङ्क्रमित भएका हुन् ।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४२ लाख ६८ हजार तीन सय ८१ जना पुगेका सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ । भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १७ हजार पाँच सय ८ रहेको छ ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ३२ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार ६९ व्यक्तिको मृत्यु भइसकेको छ । भारतमा हिजो एक दिनमा १४ हजार दुई सय ३८ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३६ लाख २३ हजार आठ सय चार जना कोरोनामुक्त भएका छन् । नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब आठ करोड भन्दा बढी मात्रा खोप लगाइएको छ । भारतमा कोरोना सुरु भएयता हालसमम ८८ करोडभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

# सोमालियामा अल सेबाबका तेह्र लडाकू मारिए

सिन्ह्वा

मोगादिसु । सोमालियाको सेना र यहाँको संयुक्त राष्ट्रसङ्घीय सेनाले गरेको संयुक्त कारबाहीका क्रममा अल सेबाबका कम्तीमा पनि १३ जनाको ज्यान गएको छ ।

मध्य सोमालियाको हिरान क्षेत्रमा भएको हवाई कारबाहीका क्रममा ती लडाकू मारिएका समाचारमा जनाइएको छ । सोमाली नेसनल आर्मी रेडियोले दिएको जानकारीअनुसार आइतबार यहाँको सेना र संयुक्त राष्ट्रसङ्घीय सेनाले गरेको हवाई कारबाहीका क्रममा ती लडाकू मारिएका छन् । हिरान क्षेत्रमा भएको आतङ्कवादीविरुद्ध कारबाहीमा ती लडाकू मारिएका सो रेडियोले जनाएको छ । उक्त कारबाहीका क्रममा परी अरु केही लडाकू घाइते भएका र अल सबाबका लडाकू भएका आश्रयस्थलहरु पनि ध्वस्त बनाइएको छ ।

यहाँका अल सेबाब लडाकूहरुका विरुद्धमा सोमालियाली सेना र संयुक्त राष्ट्रसङ्घीय सेनाले संयुक्त रुपमा आतङ्कवादीविरुद्ध कारबाही थालेका छन् । पछिल्ला दिनहरुमा अल सेबाबले यस क्षेत्रमा हिंसात्मक क्रियाकलाप सञ्चालन गर्दै आएकाले सो कारबाही अघि बढाइएको बताइएको छ ।

# संयुक्त राष्ट्रसंघद्वारा महिला माथि बल प्रयोगको निन्दा

एएनआई

काबुल । अफगानिस्तानमा मानव अधिकारको अनुगमन बारे संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक रिचर्ड बेनेटले महिलाहरूको विरोधलाई दबाउन "अत्यधिक बल प्रयोग" गरिएका घटनाको निन्दा गरेका छन् । उनले यसलाई महिलाहरूको अभिव्यक्ति स्वतन्त्रताको हनन भएको बताएका छन्।

तालिवानका यस्ता महिला विरोधी कार्यको सार्वजनिक रूपमा निन्दा गर्दै उनले गोली चलाएर शान्तिपूर्ण विरोधलाई दमन गरिएका यस्ता कार्यको निन्दा गरेका छन् । बेनेटले ट्वीटरमा लेखेका छन् "काबुलमा महिलाहरूको "शान्तिपूर्ण" प्रदर्शन विरुद्ध बल प्रयोग र दुर्व्यवहार उनीहरूको भेला हुने अधिकार र स्वतन्त्रताको अधिकारको हनन हो ।" खामा प्रेसका अनुसार काबुलमा "खाना, काम र



स्वतन्त्रता" भन्ने नारा सहित भेला भएका महिला जुलुसलाई दमन गर्ने क्रममा तालिबानले केही पत्रकारहरूलाई गिरफ्तार गरेको र महिलाहरू माथि दमन गरेको बताइएको छ ।

यसअघि पनि संयुक्त राष्ट्रसंघका विज्ञहरूले चेतावनी दिदै यदि हालको अवस्थामा सुधार नगरिए अफगानिस्तानको भविष्य "अन्धकार" रहने बताएको छ। तालिबानले सन् २०२१ अगस्टमा सत्ता कब्जामा लिएपछि महिला र बालिकाहरूको शिक्षा, काम र स्वतन्त्र आवतजावतको अधिकार उल्लङ्घन गरेको छ र घरेलु हिंसाबाट भाग्नेहरूको सुरक्षा र समर्थनको प्रणालीलाई ध्वस्त पारेको छ । तालिबानले यस्तो भेदभावपूर्ण नियमहरूको सामान्य उल्लङ्घनमा समेत महिला र केटीहरूलाई हिरासतमा राखेको छ । यो सँगै अफगानिस्तानमा पछिल्लो समय बालविवाह र जबरजस्ती विवाहको दरमा वृद्धि भएको छ।

विभिन्न अधिकारवादी समूहहरूले तालिबानलाई यस्ता नीतिहरू परिवर्तन गर्न आह्वान गरिरहेका छन् । अफगानिस्तानमा पछिल्ला दिनमा महिला विरोधी कदमको व्यापक विरोध भएका छन् तर तालिबानले प्रदर्शनकारीहरू माथि उत्पीडन, दुर्व्यवहार, स्वेच्छाचारी गिरफ्तारी र नजरबन्द गर्दै शारीरिक यातना दिदै बेपत्ता पारेका छन् ।

# दक्षिण कोरियामा थप ६२ हजार सङ्क्रमित

सिन्ह्वा

सोल । दक्षिण कोरियामा पछिल्लो एक दिनमा थप ६२ हजार जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीहरुले सोमबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ६२ हजार ७८ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन् । योसँगै दक्षिण कोरियामा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएकाहरुको कुल सङ्ख्या दुई करोड १४ लाख १८ हजार ३६ पुगेको छ ।

केही दिन अगाडिसम्म दैनिक एक लाखको हाराहारीमा सङ्क्रमित हुने गरेकोमा अहिले भने घटेको पाइएको छ । अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमितको सङ्ख्या एक लाख २४ हजार ८२९ रहेको थियो । अहिले सङ्क्रमित अवस्थामा रहेका मध्ये ५२१ जनाको अवस्था गम्भीर रहेको छ । यो सङ्ख्या अघिल्लो दिनको भन्दा नौ बढी हो ।

दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा ५० भन्दा बढीको मृत्यु भएको छ । त्योसँगै अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या २५ हजार ६७३ पुगेको छ ।



बाँझै रहेको धान खेत तस्बिरः रासस

# कटहरबारी पार्कलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिँदै




रामपुर । रामपुरको कटहरबारी पार्कलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न लागिएको छ । रामपुर नगरपालिका-६ स्थित उक्त पार्कमा पूर्वाधार विकासका कार्य अगाडि बढाइँदैछ।

कालीगण्डकी नदीको नजिकै रहेको पार्क परिसरलाई नेपालकै उत्कृष्ट धार्मिक पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्ने योजना बनाएर पूर्वाधार विकासका काम थालिएको हो। अहिले पार्क परिसरमा गणेश मन्दिर निर्माण र विभिन्न जातका विरुवा रोप्न थालिएको छ।

कालीगण्डकी नदी, तालपोखरा, गौशाला र ज्याग्दी बृहत पार्कको बीच भागमा पर्ने यस पार्कको पूरा क्षेत्रफललाई सदुपयोग गरी घुम्न र धार्मिक क्रियाकलापका गतिविधि अघि बढाउने उद्देश्यले विकासका काम सुरु गरिएको समितिका अध्यक्ष भगवती खनालले बताउनुभयो।

“प्रयोगमा नआएको सार्वजनिक जग्गालाई सदुपयोग गरी पार्कको अवधारणाअनुरुप स्थानीयवासी र जनप्रतिनिधिको सहयोगमा धार्मिक पार्कको रुपमा रुपान्तरण गर्ने योजना रहेको छ”, उहाँले भन्नुभयो । स्थानीयवासीले ल्याएको विकास निर्माणको अवधारणालाई अनुसरण गर्दै पूर्वाधार निर्माणको क्षेत्रमा वडा तथा नगरपालिकाबाट सक्दो सहयोग गर्ने वडाध्यक्ष दिवाकर देवकोटाले बताउनुभयो। यो क्षेत्रको विकास हुनु नै रामपुर नगरीको मात्र नभई समग्र कालीगण्डकीवेशीका लागि महत्वपूर्ण रहेको उहाँको भनाइ थियो।

करिब नौ रोपनी जग्गालाई यस क्षेत्रमा विभिन्न पूर्वाधार बनाउने योजना छ। आजभन्दा करिब दुई सय वर्ष पुरानो इतिहास बोकेको यस कटहरबारी पार्कमा अझै पनि पुराना आँपका बोटहरु प्रशस्तै छन् । यस पार्कमा गाईबाख्रा चरन र गर्मीयाममा मेलापात गर्दा शितलताका लागि खेताला बस्ने गरेको ८६ वर्षीया विष्णुमाया देवकोटाले बताउनुभयो । पर्यटकलाई आकर्षण गर्नसक्ने सम्भावना रहेको यस क्षेत्रको विकास समयमा नै नहुँदा सधैँ पछाडि परिरहेको उहाँको भनाइ थियो।

कालीगण्डकीमा स्नान गरी यहाँ रहेको गणेस्थान मन्दिरमा पूजाआजा गरेर रमणीय दृश्य अवलोकन गर्दै तालपोखरा, ज्याग्दी पार्क, गौशाला पुग्न मध्यमार्गीका रुपमा यसले जोड्दछ । त्यसकारण पनि यहाँको विकासमा स्थानीयवासीले जोड दिएका हुन्।

हाललाई भने पार्कमा रहेका पुराना रुखका हाँगा बिक्री वापत प्राप्त भएको रु ३३ हजार ५०० बाट काम सुरु भएको छ । प्रारम्भिकरुपमा पार्कको विकास गर्न करिब रु१५ लाख देखि रु२० लाख लाग्ने अनुमान गरिएको छ।रासस

# स्वास्थ्य विमामा करिब २१ अर्ब भुक्तानी



काठमाण्डु। सरकारले स्वास्थ्य बीमासम्बन्धी कार्यक्रममा अहिलेसम्म करिब रु २१ अर्ब भुक्तानी गरेको छ। छ वर्षको समयावधिमा देशका ७० जिल्लाका करिब ५९ लाख नागरिक समावेश भएको यस कार्यक्रममा अझै रु पाँच अर्ब भुक्तानी गर्न बाँकी छ।

नेपाल उद्योग वाणिज्य महासङ्घले सोमबार आयोजना गरेको कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले स्वास्थ्य बीमामा देखिएका समस्या समाधान गर्न कार्यदल गठन गरिएको जानकारी दिनुभयो।

प्रत्येक वडामा स्वास्थ्य चौकी तथा पालिकामा १५ शय्याको अस्पताल स्थापना गर्ने लक्ष्य रहेको उल्लेख गर्दै उहाँले पालिका, प्रदेश र केन्द्रका अस्पतालबाट विभिन्न ९८ प्रकारका औषधि जनतालाई निःशुल्क प्रदान गर्ने गरेको बताउनुभयो।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले बीमा कार्यान्वयनमा देखिएका अवरोध तथा समस्याबारे जानकारी दिनुभयो।

महासङ्घका अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, बीमा विज्ञ बाबुराम हुमागाईं, बिमक सङ्घका अध्यक्ष चङ्की श्रेष्ठलगायतले आम नागरिकलाई स्वास्थ्य बीमाको पहुँचमा पुऱ्याउन सुरु गरिएको यो कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

काठमाण्डु, ललितपुरलगायत सात जिल्लामा उक्त कार्यक्रम छिट्टै सञ्चालन हुने जनाइएको छ।रासस

# घाँस उत्पादन गर्ने किसानलाई महानगरबाट अनुदान

कास्की । पोखरा महानगरपालिकाले घाँस उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न नगद अनुदान प्रदान गरेको छ। घाँसमा आधारित पशुपालनमा जोड दिन महानगरले किसानलाई नगद अनुदान दिएको हो । महानगरको सघन घाँस विकास कार्यक्रम अन्तर्गत महानगरभित्र घाँस खेती गर्ने ९३ किसानलाई रु १४ लाख ६५ हजार पाँच सय ९० अनुदान दिइएको हो।

महानगरमा गत आर्थिक वर्षमा चार सय ८९ रोपनी क्षेत्रफलमा घाँस लगाइएको र सात हजार तीन सय ३५ मेट्रिक टन घाँस उत्पादन भएको महानगर पशु सेवा शाखाका प्रमुख नवराज अधिकारीले बताउनुभयो। उहाँका अनुसार महानगरमा १० रोपनी क्षेत्रफलभन्दा बढी घाँस लगाउने १३, पाँच देखि नौ रोपनीमा लगाउने २२, दुई देखिमाथि र पाँच रोपनी भन्दा कम लगाउने किसानको सङ्ख्या ५८ जना रहेको छ।

महानगरले प्रति रोपनी तीन हजारका दरले अनुदान उपलब्ध गराएको छ । महानगरका ९३ जना किसानले रु छ हजारदेखि रु ६० हजारसम्म अनुदान प्राप्त





गरेका छन् । सबैभन्दा बढी २० रोपनीमा घाँस लगाउने मीना तिवारी र नन्दप्रसाद पोखरेललाई जनही रु ६०/६० हजार अनुदान प्रदान गरिएको छ।

अनुदान प्राप्त गर्नुभएका पोखरेलले पहिलो पटक सरकारी अनुदान पाउँदा खुसी लागेको बताउनुभयो । महानगर पशु शाखाले आइतबार आयोजना गरेको अनुदान वितरण कार्यक्रममा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले पोखराको आर्थिक विकासको आधार पर्यटन र कृषि रहेको बताउनुभयो।

महानगरले आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने नीति लिएको छ। सो नीति कार्यान्वनयनका लागि भैंसी, बाख्रा, तरकारी तथा कृषि खाद्यबाली उत्पादन गर्ने व्यावसायिक किसानलाई नगद अनुदान प्रदान गरिँदै आइएको छ।रासस

# विद्युतीय सवारी साधनमा बढ्दै आकर्षण



काठमाण्डु । देशभित्र उल्लेख्य रुपमा बिजुली उपलब्ध हुन थालेपछि विद्युतीय सवारी साधन प्रयोग गर्नेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । सरकारले पनि विद्युतीय सवारी साधनको प्रवर्द्धनमा विशेष व्यवस्था गरेको छ। नीतिगत रुपमा प्रष्टता तथा बिजुलीको सहज उपलब्धताका कारण पेट्रोलियम सवारी साधन छाड्दै क्रमशः विद्युतीय सवारी साधनको प्रयोगमा उपभोक्ताको आकर्षण बढेको तथ्य एवम् तथ्याङ्कले पनि देखाएको छ।

यातायात व्यवस्था विभागको तथ्याङ्कअनुसार मुलुकभर झण्डै ४० लाख सवारी साधन दर्ता भएका छन्। विभागमा दर्ता भएका सवारी साधनमध्ये डेढ प्रतिशत बराबर मात्रै विद्युतीय सवारी साधन मुलुकभर सञ्चालनमा रहेका छन् । भन्सार विभागको तथ्याङ्कअनुसार पछिल्लो पाँच वर्षको अवधिमा झण्डै १४ हजार विद्युतीय सवारीसाधन भित्रिएका छन्। आर्थिक वर्ष २०७४/७५ मा पाँच हजार दुई सय ३९ विद्युतीय सवारी साधन आयात भएका थिए। आव २०७५/७६ मा यो सङ्ख्या चार हजार सात सय ४५, आव २०७६/७७ मा पाँच सय ७५ मात्रै सवारी साधन भित्रिएका थिए । आव २०७७/७८ मा विद्युतीय सवारी साधनको आयात घटेर दुई सय ६१ मा सिमित भयो। सो आवमा तत्कालीन अर्थमन्त्री खतिवडाले विद्युतीय सवारी साधनमा अत्यधिक मात्रामा कर वृद्धि गरेपछि विद्युतीय सवारी साधनको आयातमा अत्यधिक गिरावट देखियो।

तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले विद्युतीय सवारी साधनमा लाग्दै आएको करको दायरा घटाएसँगै विद्युतीय सवार ीसाधनको आयात क्रमशः बढ्न थाले पनि अघिल्लो आवको नकारात्मक प्रभावले काम गरि नै रह्यो। आव २०७८/७९ को एक वर्षको अवधिमा एक हजार आठ सय सात विद्युतीय सवारी साधन नेपाल भित्रिएका छन्।

नीतिगत अस्थिरताका कारण मागअनुसार नै विद्युतीय सवारी साधन आयातमा नकारात्मक असर पर्न गयो । तत्कालीन अर्थमन्त्री डा खतिवडाको नीतिका कारण ओरालो लागेको आयातमा क्रमशः सुधार भइरहेका बेला विदेशी मुद्राको सञ्चितीमा असर परेको भन्दै सरकारले केही कडाइको बन्दोबस्ती गरियो। विदेशी मुद्रा सञ्चितीलाई देखाउँदै डिजेल तथा पेट्रोलबाट सञ्चालित दुईदेखि चार पांग्रे सवारी आयातमा रोक लगाएको सरकारले विद्युतीय गाडी आयातमा भने प्रतिबन्ध लगाएको छैन।

**यस्तो छ विद्युतीय सवारी साधनको आयातको विवरण**

डिजेल तथा पेट्रोलबाट चल्ने सवारी साधन आयातमा रोक लगाएसँगै पछिल्लो समय विद्युतीय गाडी आयातमा वृद्धि भए पनि अपेक्षित नतिजा देखिएको छैन। भन्सार विभागका अनुसार आव २०७८/७९ को तथ्याङ्कअनुसार आयात प्रतिबन्धको असर विद्युतीय सवारीमा परेको छ । तथ्याङ्कअनुसार सो आवमा सबैभन्दा धेरै विद्युतीय सवारी साधन चीनबाट भित्रिएका छन्। चीबाट एक सय किलोवाटका एक सय ६७ र एक सय ५० देखि दुई सयसम्म किलोवाट क्षमताका छ सय ९६ गरी आठ सय २३ गाडी नेपाल भित्रिएका छन् । चीनपछि भारतबाट धेरै विद्युतीय सवारी साधन नेपाल भित्रिएका छन् । भारतबाट सय किलोवाट क्षमताका छ सय ९६, दक्षिण कोरियाबाट सय किलोवाट क्षमताका एक सय ३२ र फ्रान्सबाट एक सवारी साधन भित्रिएका छन्।

यस्तै बेलायतबाट सयदेखि एक सय ५० किलोवाट क्षमताका १३, दक्षिण कोरियाबाट सयदेखि दुई सय किलोवाट क्षमताका ५२, जापानबाट ७८, बेलायतबाट चार गाडी नेपाल आएका छन् । बेलायतबाट दुई सयदेखि तीन सय किलोवाट क्षमताका चार र तीन सय किलोवाट क्षमताभन्दा माथिका दुई विद्युतीय सवारी साधन नेपाल भित्रिएका छन्। एक वर्षको अवधिमा विभिन्न देशबाट रु पाँच अर्ब बढीका चार पांग्रे विद्युतीय सवारी साधन भित्रिएका छन्। विभागको विवरणअनुसार एक वर्षको अवधिमा विद्युतीय सवारी साधन आयातमा मात्रै रु पाँच अर्ब पाँच करोड ३२ लाख ५० हजार बराबरको रकम बाहिरिएको छ।

**सरकारको प्राथमिकता**

सन् २०२१ अक्टोवर ३१ देखि नोभेम्बर १२ सम्म संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन सम्बन्धी २६औं सम्मेलन (कोप) मा नेपालका तर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवाले सम्बोधन गर्नुभएको थियो। त्यसमा जलवायु परिवर्तन सम्वन्धी सङ्कटले गर्दा नेपाललगायत अल्पविकसीत राष्ट्रहरुले भोगेका कठिनाइ र नेपालको स्वच्छ हरित क्रान्तिलाई जलविद्युत् उर्जामार्फत् प्रवर्द्धन गर्ने र स्वच्छ उर्जामार्फत कार्बन उत्सर्जन कटौती गर्न सन् २०३५ सम्म कार्बन प्रदुषणयुक्त स्वच्छ उर्जालाई शतप्रतिशत बनाउने लक्ष्य राखिएको छ । यस्तै सन् २०५० सम्म कार्बन उत्सर्जनलाई शुन्यमा झार्ने लक्ष्य राखिएको छ।

विलासी सवारी साधनको आयात नगर्ने सरकारको नीति छ । आगामी आवमा सरकारी कार्यालयका लागि कुनै पनि सवारी साधन खरिद नगर्ने व्यवस्था बजेटमा नै गरिएको छ । वैदेशिक मुद्राको सञ्चितीमा चाप परेका कारण ठूलो लागतका कुनै पनि सवारी साधन खरिद नगर्ने निर्णय सरकारले यसअघि नै गरिसकेको छ। विद्युतीय सवारी साधनका हकमा पनि त्यस्तै नै गरिएको अर्थ मन्त्रालयको भनाइ छ । नेपाली बजारमा झण्डै दर्जन बढी मोडलका विद्युतीय सवारी साधन सय किलोवाटसम्मको क्षमतामा उपलब्ध छन्। रासस


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०४।३१

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको बजारको बट्टी रकमको निमित्त सिलबन्दी दरभाउपत्र द्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०७९।०५।१६ गते दिनको १२:०० बजे भित्र कवुल अंकको ५५ (पाँच प्रतिशत) रकम सबैला नगरपालिका स्थित एनआईसी एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु.१०/- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगर कार्यपालिकाको कार्यालय, सबैलामा दर्ता गराउनु होला र सो सिलबन्दी दरभाउपत्रहरु सोहि दिन अर्थात मिति २०७९।०५।१६ गते दिनको २:०० बजे खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहेमा पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजूरी नलाग्ने व्यहोरा समेत सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्र) दिन २०७९।०५।१५ गते भित्र रु.१,०००/- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयवाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलीपी वा सक्कलै अनिवार्य रुपले दिनु पर्नेछ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पूर्जी लिएको मितिले लगभग वर्ष १ (एक) को हुनेछ।
३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्यूनतम मोलमान घटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको कवोल अंक भन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

| आय ठेक्का नं. | बजारको नाम | बजार रहेको स्थान | १ (एक) वर्षको न्यूनतममोल | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/०७९।०८० | सबैला गुदरी हाटबजार | सबैला-३, सबैला | १७,००,०००/- | बजार ठेक्का |
| २/०७९।०८० | सबैला बाख्रा हाटबजार | सबैला-३, सबैला | ११,०५,०००/- | बजार ठेक्का |
| ३/०७९।०८० | भठिहनगुदरी हाटबजार | सबैला-९, सबैला | ११,५०,०००/- | बजार ठेक्का |
| ४/०७९।०८० | सतोषर मवेशी तथा गुदरी हाटबजार | सबैला-९, सबैला | २,५५,०००/- | बजार ठेक्का |
| ५/०७९।०८० | खरिहानीगुदरी हाटबजार | सबैला-१०, सबैला | १०,०५,०००/- | बजार ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयवाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्ट सँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।
६. न.पा.को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्महरुले न.पा.को रकम कलम चुक्ता नगरे सम्म निजलाई दरभाउपत्र फारम दिईने छैन्।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्वन्धित ठेकेदारले पूर्ण रुपले पालन गर्नु पर्नेछ।
८. नेपाल सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नुपर्नेछ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिने छ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिन्हादिइनेछ।
११. बट्टी रकम यस कार्यालयबाट तोकिएको दररेटमा लिनुपर्नेछ। साथै सोको रसिद दिनुपर्नेछ।
१२. बजार क्षेत्रभित्र विक्री गर्ने माछा, मासु, अण्डा आदिबाट निस्केको आन्द्रा, भुडी, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्नेछ र सो कामनगरे सोबाट कुनै किसिमको महामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।
१३. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन्।
१४. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ। ठेक्का अवधि भित्र प्रत्येक वर्ष पहिलो किस्ता भदौ महिना र दोश्रो किस्ता फाल्गुन महिना भित्र बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदर गरी अर्को व्यवस्था भै जानेछ।
१५. ठेक्का लिने व्यक्तिले चलन पूर्जी उठाउने अगावै ठेक्का लिएको रकम वरावरको रकम र ठेक्का मान्य अवधि सम्मको बैंक ग्यारेन्टीवा परफरमेन्स बण्ड वा धनजमानी राख्नु पर्नेछ।
१६. ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौमासिक किस्ता बुझाई सकेपछि चलन पूर्जी दिईनेछ। सो म्याद भित्र चलन पूर्जी पट्टान उठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।
१७. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन्।
१८. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
१९. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
२०. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# महावाणिज्य दूतावासमा आयोजित कार्यक्रममा मुख्यमन्त्री राउत सहभागी

**टुडे समाचारदाता**

वीरगञ्ज । छिमेकी मुलुक भारतको ७५औं स्वतन्त्रता दिवसका अवसरमा वीरगञ्जस्थित महावाणिज्य दूतावासमा सोमबार आयोजित कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतसहित मधेश प्रदेशका विभिन्न मन्त्रीहरु सहभागी भएका थिए ।




कार्यक्रममा मुख्यमन्त्री राउतसहित प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरत साह, खानेपानी तथा ऊर्जा विकासमन्त्री ओमप्रकाश शर्मा, महिला बालबालिका युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंह, वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलगायत विभिन्न सरोकारवालाहरु सहभागी भएका थिए ।

सो अवसरमा महावाणिज्यदूत नितेश कुमारले भारत सरकारले पछिल्लो समयमा कोरोनाको समयमा नेपाललाई उपलब्ध गराएको खोपलगायतका अन्य सहयोगी कामबारे चर्चा गरेका थिए ।

कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रमहरुसमेत प्रस्तुत गरिएको थियो । सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउने विभिन्न विद्यालयका विद्यार्थीहरुलाई मुख्यमन्त्री राउतले प्रमाणपत्र वितरण गरेका थिए ।

# सामाजिक सेवा लिने बिरामीको संख्यामा वृद्धि

**टुडे समाचारदाता**

सप्तरी । गजेन्द्रनारायण सिंह अस्पताल राजविराजअन्तर्गत सामाजिक सेवा एकाइ तथा ज्येष्ठ नागरिक सेवाबाट सेवा लिने बिरामीको संख्या बढ्दै गएको छ ।




एकाइमार्फत मासिकरूपमा साढे एक सय र दैनिकरूपमा पाँच बिरामीले सेवा लिएको सो एकाइले जनाएको छ । एकाइका प्रमुख सूर्यकान्त झाले गत वर्ष आठ सय ४५ पुरुष र नौ सय ७२ महिला गरी एक हजार आठ सय १७ बिरामीले सेवा लिएको जानकारी दिए ।

यो अघिल्लो वर्षभन्दा एक हजार एक सय १६ बढी हो । आर्थिक वर्ष २०७७/०७८ मा तीन सय १८ पुरुष र तीन सय ८३ महिला गरी सात सय एकले सामाजिक सेवा लिएका थिए । यसमा चार सय १४ मधेशी, एक सय ५४ दलित, ७६ जनजाति, ३० ब्राह्मण क्षेत्री र २७ मुस्लिमले सेवा लिएका छन् ।

आर्थिक वर्ष २०७८/२०७९ मा एक हजार ८८ गरिब, पाँच सय ४३ ज्येष्ठ नागरिक, ९७ जना लैङ्गिक हिंसा पीडित, २८ जना असहाय, ११ जना अपाङ्गता भएका व्यक्ति, दुई जना प्राकृतिक प्रकोपमा परेका व्यक्ति र अन्य ४८ जनाले सेवा लिएको सेवा एकाइको तथ्याङ्कले देखाएको छ । तीमध्ये परिचयपत्र वा सिफारिस पत्रसहितका आउने बिरामीको संख्या न्यून छ ।

ग्रामीण भेगबाट असहाय, अशक्त, गरिब, दलित, ज्येष्ठ नागरिक परिचयपत्र नलिई आउने गरेका कारण उनीहरूको उमेर, अवस्था हेरेर सेवा दिनुपरेको उनले जानकारी दिए । सेवा लिएका एक हजार आठ सय १७ मध्ये एक सय १५ ले मात्र परिचय पत्र वा सिफारिस लिएर आएको देखिएको छ ।

उपचारमा सहुलियत पाउने लक्षित समूहका बिरामीले नेपाल सरकारले जारी गरेको परिचयपत्र, नागरिकताको प्रमाणपत्र, अन्य कुनै आधिकारिक परिचयपत्र वा स्थानीय तहको सिफारिस लिएर आउनुपर्ने व्यवस्था गरिएको छ तर टाढाबाट आशा लिएर आउने असहाय, गरिब, ज्येष्ठ नागरिकलाई उपचार नगरी फर्काउन गाह्रो परेकाले पहिलो पटकका लागि सेवा दिने गरेको र दोस्रो पटक आउँदा परिचयपत्र लिएर आउन भन्ने गरेको एकाइका उपप्रमुख धनेश्वर यादवले बताए ।

गत वर्षको साउनदेखि २०७९ असारसम्म सेवा लिनेमा चार सय ३९ दलित, तीन सय ६१ जनजाति, नौ सय १३ मधेशी, ५९ मुस्लिम, ४३ ब्राह्मण क्षेत्री र अन्य दुई जना रहेका छन् । यस्तै आकस्मिक बिरामी पाँच सय ७८, बहिरङ्ग बिरामी सात सय २२ र भर्ना भएर आएका बिरामी पाँच सय १७ रहेको प्रमुख झाले बताए । आर्थिक वर्षको साउन महिनामा सामाजिक सेवा लिने दुई सय ५० पुगिसकेको छ ।

गत वर्ष औषधिमा एक लाख ४ हजार आठ सय ८५, परीक्षणमा १२ लाख ६० हजार एक सय आठ तथा शय्या र रगतमा २० हजार छ सय ३९ गरी १३ लाख ८५ हजार छ सय ३२ लक्षित बिरामीको स्वास्थ्य सेवाबापत खर्च भएको छ । प्रत्येक बिरामीमा औसत सात सय ६२ खर्च भएको छ । आंशिक उपचार सहयोग पाउने तीन सय ८८ र पूर्ण उपचार सहयोग पाउने एक हजार चार सय २९ जना छन् ।

परीक्षणबापत खर्च भएको १२ लाख ६० हजार एक सय आठमध्ये प्रयोगशालामा १० लाख ३२ हजार, युएसजीमा ६९ हजार एक सय, सिटीस्क्यानमा ५३ हजार सात सय ३५, एक्सरेमा एक लाख ५ हजार दुई सय ७३ रहेको छ । यस्तै शय्याबापत १५ हजार ९९ र रगतबापत पाँच हजार पाँच सय ४० बिरामीले छुट पाएका छन् ।

लक्षित समूहका बिरामीको स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपभोग अभिवृद्धि गर्न सरकारले आव ०६९/७० देखि केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पतालमा यस्तो एकाइ राख्ने निर्णय गरेकोमा राजविराजस्थित उक्त अस्पतालमा २०७५ चैत १२ गतेदेखि सेवा सुरु गरिएको हो ।

### थप १५ अस्पतालमा सामाजिक सेवा एकाइ

सरकारले सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन मार्गदर्शन परिमार्जन गर्दै आर्थिक वर्ष २०७८/०७९ मा थप १५ अस्पतालमा सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन गरेको छ । गत आर्थिक वर्षमा प्रदेश १ का दुई वटा, मधेश प्रदेशका चार वटा, गण्डकी प्रदेशमा र लुम्बिनी प्रदेशका तीन/तीन तथा बागमती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा एक/एक वटा अस्पतालमा सामाजिक सेवा एकाइ थप भएको छ ।

सरकारले प्रदेश १ को ताप्लेजुङ अस्पताल र संखुवासभा अस्पताल, मधेश प्रदेशका कलैया अस्पताल, जलेश्वर अस्पताल, सिरहा अस्पताल र सर्लाही अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पतालमा सामाजिक सेवा एकाइ सञ्चालन थप गरेको हो ।

यस्तै, गण्डकी प्रदेशको दमौली अस्पताल, पर्वत अस्पताल र स्याङ्जा अस्पताल, लुम्बिनी प्रदेशको पृथ्वीचन्द्र अस्पताल, प्युठान अस्पताल र रोल्पा अस्पतालमा सामाजिक सेवा एकाइ सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार कर्णाली प्रदेशको कालीकोट अस्पताल र सुदूरपश्चिम प्रदेशको बैतडी अस्पतालमा पनि सामाजिक सेवा एकाइ सञ्चालन गरिएको छ । यसअघि सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका २०७८ को अनुसूची १ अनुसार नेपालमा ४४ अस्पतालमा सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन भइसकेको छ । जसमा प्रदेश १ का छ , मधेश प्रदेशका चार , बागमती प्रदेशका १४, गण्डकी प्रदेशका तीन, लुम्बिनी प्रदेशका नौ , कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका चार/चार अस्पतालमा सो कार्यक्रम सञ्चालन भइरहेको छ । मधेश प्रदेशका आठवटै जिल्लामा सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन रहेको छ ।

लक्षित समूहका बिरामीलाई निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पतालमा सामाजिक सेवा एकाइ स्थापना गरिएको हो । सामाजिक सेवा एकाइ सञ्चालन भएका अस्पतालमा सर्वसाधारणले निःशुल्क वा सहुलियतरूपमा स्वास्थ्य सेवा पाउने छन् । यस्ता एकाइबाट विभिन्न १३ वटा लक्षित समूहले निःशुल्क र सहुलियतरूपमा उपचार पाउने व्यवस्था गरिएको छ ।

सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका अनुसार गरिब, असहाय, अपाङ्गता भएका परिचयपत्रबाहेक व्यक्ति, परिचय पत्रबाहेक ज्येष्ठ नागरिक, लैङ्गिक हिंसा पीडित तथा बालबालिका, गरिब तथा विपन्न आकस्मिक बिरामी, विपद् एवं प्राकृतिक प्रकोप महामारी, भूकम्प, बाढी, पहिरो, आगलागी आदिबाट पीडित, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति, परिचयपत्रबाहेक महिला स्वास्थ्य स्वयंसेविका, कुपोषित बालबालिका, प्रहरीले ल्याएका थुनुवा तथा कैदी बिरामी, परिचयपत्रबाहक शहीद परिवार तथा दुर्घटनामा परेको अभिभावक नभएको बिरामी र अन्य अस्पतालले स्थानीय तहको आधारमा लक्षित समूह निर्धारण गरेका व्यक्तिले एकाइमार्फत सेवा पाउने छन् ।

गजेन्द्रनारायण सिंह अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा प्रकाशप्रसाद साहले आधारभूत र आकस्मिक स्वास्थ्य सेवाबाट असहाय र असमर्थ बिरामी उपचारबाट वञ्चित नहुन् भन्ने उद्देश्यले एकाइ स्थापना गरिएको बताए । गरिबको पहिचान गर्न वा मापदण्ड किटान गर्न समस्या भएकोले कतिपय सम्पन्न व्यक्तिले पनि लाभ लिइरहेको हुन सक्ने उनले आशङ्का गरे ।

# नेकां धनुषाद्वारा विधेयक प्रमाणीकरण गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा जिल्ला कार्य समितिले नागरिकता विधेयक प्रमाणीकरण गर्न माग गरेको छ । सोमबार नेकां धनुषाका सभापति योगेन्द्र पञ्जियारले प्रेस विज्ञप्ती जारी गर्दै पुनः सदनबाट पारित गराई राष्ट्रपतिबाट प्रमाणीकरण गराउन माग गरेका छन् ।

राष्ट्रपति विद्या देवी भण्डारीले प्रमाणीकरण नगरी फिर्ता पठाएर गैर जिम्मेवारीपनको पराकाष्ठ नाघेको विज्ञप्तीमा उल्लेख गरिएको छ । 'सो कदमको घोर भर्त्सना गर्दै उक्त विधेयक तत्काल सदनबाट पारित गराई यथाशिघ्र प्रमाणीकरण होस भनि जोडदार माग गर्दछौं,'विज्ञप्तीमा उल्लेख गरिएको छ । राष्ट्रियसभा र प्रतिनिधिसभाले पारित गरेर साउन १६ गते राष्ट्रपतिको कार्यालयमा प्रमाणीकरणको लागि पठाएको थियो ।

सो खबर पाएपछि नागरिकता विहीन नागरिकहरुले खुशीयालीको रुपमा दीपावलीसमेत मनाएको विज्ञप्तीमा सम्झना गरिएको छ । तर राष्ट्रपति भण्डारीले सो विधेयक प्रमाणीकरण नगरी फिता पठाई आफ्नै देशको नागरिकलाई अनागरिक बनाउने षडयन्त्र गरेको नेकां धनुषाले आरोप लगाएको छ ।

# रासायनिक मलको कोटा वृद्धि गर्न माग



**टुडे समाचारदाता**

वीरगञ्ज । किसानले भुटनदेवीस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयको गोदामबाट अन्यत्र जिल्ला पठाउन लागिएको छ ट्रक मल नियन्त्रणमा लिएका छन् ।

सहजरुपमा रासायनिक मल नपाएको जनाउँदै स्थानीयवासीले मल नियन्त्रणमा लिएका छन् । कृषकले मल 'लोड' गरिएको ट्रक नियन्त्रणमा लिएपछि त्यहाँ पुगेका वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले जिल्लामा मलको कोटा वृद्धि गर्न पहल गर्ने जानकारी दिए ।

किसानले नियन्त्रणमा लिएका सो मल बालमन्दिर प्राङ्गणमा राखिएको छ । सो विषयमा महानगरप्रमुख सिंह र कृषि सामग्री कम्पनी लिमिटेड प्रदेश कार्यालय वीरगञ्जका प्रमुख चन्द्रप्रकाश चौलागाईंसहितको टोलीसँग छलफल भएको छ ।

पर्सामा सो कम्पनीको प्रादेशिक कार्यालयबाटै मल वितरण हुँदै आएको छ । वीरगञ्ज महानगरले यहाँका कृषकका लागि आठ हजार मेट्रिक टन मल आवश्यक रहेको भए पनि हालसम्म लिमिटेडले आठ सय मेट्रिक टन मात्रै उपलब्ध गराउने कोटा निर्धारण गरेको जनाएको छ ।

# साउने मेला सम्पन्न

**टुडे समाचारदाता**

जलेश्वर । साउन महिनाको अन्तिम सोमबार हिन्दू परम्पराअनुसार साउने मेला सम्पन्न भएको छ । सोमबार पनि जिल्लाका जलेश्वरनाथ, टुटेश्वरनाथ, सिद्धनाथ र मङ्लनाथसहितका प्रसिद्ध शिवालयमा एकाबिहानैदेखि श्रद्धालु भक्तजनको घुइँचो लागेको थियो । मधेशको प्राचीन मिथिला क्षेत्रमा साउन महिना भगवान् शिवको प्रिय महिनाको रुपमा लिइन्छ ।

साउनको सोमबार शिवका उपासकले व्रत बसी पूजा आराधना गर्दछन् । मैथिल परम्परामा तीर्थ, व्रत र धार्मिक अनुष्ठान प्राय चन्द्रमासका आधारमा गर्ने चलन छ तर वैशाख सङ्क्रान्तिको जुडशीतल, साउने सङ्क्रान्ति, असोज सङ्क्रान्तिको विश्वकर्मा पूजा र माघ सङ्क्रान्तिका दिन मनाइने तिलासक्रायत पर्व सौरमासको आधारमा मनाइन्छन् ।

मास गणनाको आधारमा साउने मेला सौरमास र चन्द्रमास दुबैभित्र परेका सोमबार अति उत्तम मानिन्छन् । दुबै मासभित्र यसपाली साउनमा २,९, १६ र २३ गते गरी चार सोमबार परेका थिए । सौरमासको गणनाले सोमबार साउनमै परेपनि चन्द्रमासको गणनाले तीन दिन पहिले नै भदौ लागिसकेको छ । यद्यपि साउने व्रत लिएका वर्तालुले पूर्ववत् निष्ठाका साथ व्रत लिएका छन् ।

शिव अनुष्ठानका लागि विशेष दिन जुराउनु पर्ने भए पनि व्रत भने सोमबार पनि लिन मिल्ने बर्दिबास-२ का पण्डित महेशकुमार झाले बताउछन् ।

साउने सोमबारका वर्तालुले शिवालयका शिवलिङ्गमा जल, फूल, गाईको दूध र बेलपत्रसहित सामग्री चढाएर व्रत समपन्न गरेको पुकारा गर्छन् । यस व्रतका प्रभावले यस जन्ममा सुख, शान्ति, समृद्धि, कल्याण र मृत्युपछि कैलासबास पाइन विश्वास गरिन्छ ।

# रौतहटमा तीन जनाको मृत्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लामा भएको छुटाछुटै घटनामा तीन जनाको मृत्यु भएको छ । विद्युत्को करेन्टबाट २ जना र पानीमा डुबेर १ जनाको मृत्यु भएको छ ।

रौतहटको चन्द्रपुर नगरपालिका-४ पुर्व पश्चिम राजमार्गमा होटल सञ्चालन गरेका समझना होटलका संचालक युगल किशोर चौधरीको करेन्ट लागेर मृत्यु भएको छ । घरमा नुहाउने क्रममा करेन्ट लागेर चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

गरुडा नगरपालिका- १ अन्तर्गत विद्युत्को पोल ढलेको अवस्थामा करेन्ट लाग्दा स्थानीय वड़ा नम्बर १ जयनगर निवासी ५७ वर्षीय राम प्रसाद यादवको मृत्यु भएको छ ।

बिहान खेतमा गएको बेला खसेको हाई टेन्सन तारमा करेन्ट लाग्दा यादबको घटना स्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

त्यस्तै नहरमा डुबेर एक जनाको मृत्यु भएको छ । गरुडा नगरपालिका ९ श्रीपुर निवासी नरेश दासको २० वर्षीय छोरा विश्व नाथ दासको नहरको पानीमा डुबेर मृत्यु भएको हो । नुहाऊन गएका दासको डुबेर मृत्यु भएको प्रहरी नायव उपरीक्षक सुनील कुमार मल्लले जानकारी दिएका छन् ।

# ८५ थान चिरानको साल काठ बरामद

**टुडे समाचारदाता**

बारा । बारामा सोमबार बिहान ८५ थान सालको चिरान काठ बरामद भएको छ । बिशेष सूचनाको अधारमा जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. १६ मगर टोल बाट करिब ६४ क्युफिट काठ बरामद भएको डिभिजन बन कार्यालय बाराले जनाएको छ ।



सहायक वन अधिकृत ललन राउतको कमाण्डमा गएको प्रहरी सहितको वन गस्ती टोलीले करेसाबारीबाट उक्त परिमाणको चिरान काठ बरामद भएको डिभिजन वन अधिकृत बिनोद सिँहले जानकारी दिए । प्रारम्भिक अनुसन्धानबाट बरामद काठ पेशेवर तस्कर रहेको जनाईएको छ । नियन्त्रणमा लिइएको काठलाई हलखोरीया सब डिभिजन वन कार्यालयको डुमरबानाको नियन्त्रणमा राखि अनुसन्धान भईरहेको छ । गत शुक्रबार राति पनि डिभिजन वन कार्यालयले मगर टोलबाट तीन थान साल काठको गोलिया सहित मोटरसाईकल नियन्त्रणमा लिएको थियो ।

# अलपत्र बालगंगा पुल सञ्चालनमा

**टुडे समाचारदाता**

बारा । लामो समयदेखि अलपत्र अवस्थामा रहेको बालगंगा नदीको पुल सोमबार देखि सञ्चालनमा आएको छ । बारा क्षेत्र नं.३ का प्रतिनिधि सभा सदस्य रामबाबु यादबले पूजा पाठ गरीसकेपछि रिबन काटेर पुलको उद्घाटन गरेका छन् । जग्गा विवाद झिकेर निर्माणाधिन बाराको जीतपुर सिमरा उपमहानगरपालिकास्थित बालगंगा नदीमा पुल निर्माण कार्य अलपत्र परेको अवस्थामा स्थानीय बासिन्दा, संघर्ष समिति, वडा, नगर र संघीय साँसदको सक्रियतामा पुल सञ्चालनमा आएको हो ।



सिमरा-कोल्हवी सडकखण्ड अन्तर्गत जीतपुरसिमरा उपमहानगर १२, १५ र १८ को सीमानामा पर्ने बालगंगा खोलाको पुल सखरा हाउजिङ कम्पनीको लापरबाहीका कारण अलपत्र परेको भन्दै स्थानीयले पुल निर्माणका लागि पटक पटक आग्रह समेत गरेका थिए । संघर्ष समिति नै बनाएर सरोकारवाला निकायको ध्यानाकर्षण समेत गराएका थिए ।

वर्षाको समय र उद्योग कल कारखानामा काम गर्ने मजदुर तथा सर्वसाधारणलाई दैनिक आवात जावत गर्न कठिन भएको भन्दै साँसद यादव पुल सञ्चालनका लागि आफैँ सक्रिय भएर काम गराएका थिए । करिब १२ करोड लगानीमा उक्त पुल निर्माण भएको हो । करिब २ सय ५० मिटर लामो पुलले साढे २ बिगाहा जग्गा ओगटेको स्थानीयले बताएका छन् । सिमरा–कोहल्वी हुलाकी सडकखण्डको बालगंगा पुल सञ्चालनमा आएपछि बारा र रौतहटका बासिन्दालाई आवागमन सहज भएको छ ।

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन् ।

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसंग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८